का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ फागुन २०८१,
सोमबार
3 March, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २९ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## आईजीपीको दौड

# मेरिट कि राजनीतिक हस्तक्षेप ?



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

वर्तमान प्रहरी महानिरीक्षक (आईजीपी) वसन्त कुँवरले आगामी ५ चैतमा अवकाश लिने तयारीसँगै नेपाल प्रहरीका ३ जना प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) ३१औं आईजीपी बन्ने दौडमा लागेका छन् ।

केन्द्रीय अनुसन्धान ब्युरो प्रमुख एआईजी दीपक थापा, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुख एआईजी सुदीप गिरी र काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख एआईजी टेकबहादुर तामाङ प्रहरी नेतृत्व लिने दौडमा लागेका हुन् ।

संगठनको मूल नेतृत्वमा पुग्न प्रतिस्पर्धामा उत्रिएका उनीहरूबीच सत्ता केन्द्रित राजनीतिक नेतृत्वसँग निकट हुने प्रतिस्पर्धासमेत चलेको छ ।

नेपाल प्रहरीको आगामी आईजीपी को हुन्छ भन्नेबारे आमचासो भइरहँदा सरकारले के आधारमा निर्णय लिन्छ भन्ने विषय पनि उत्तिकै चासोमा छ । १० चैत २०७९ मा प्रहरी महानिरीक्षक (आईजीपी) नियुक्त भएका कुँवर ३० वर्षे सेवा अवधि पूरा गरी अनिवार्य अवकाशमा जान लागेका हुन् ।

कुँवरसँगै प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) भएका टेकप्रसाद राई पनि अवकाश हुँदै छन् । एआईजी श्यामलाल ज्ञवाली र किरण बज्राचार्यले अवकाश पाइसकेका छन् । अहिले बहालमा रहेका एआईजीहरू बुद्धिराज गुरुङ, दुर्गा सिंह, कुवेर कडायत र प्रस्तावित एआईजी जनक भट्टराई पनि सँगै अवकाशमा जाने छन् ।

१९ भदौ २०५२ मा एकैसाथ प्रहरी सेवामा प्रवेश गरेका दीपक थापा ६ चैत २०७९ मा वसन्त कुँवरसँगै एआईजीमा बढुवा भएका थिए । दीपकभन्दा १८ दिन ढिला बढुवा भएका सुदीप गिरी र टेकबहादुर तामाङ २४ चैत २०७९ मा एआईजी भएका थिए । वरीयता सूचीअनुसार पहिलो नम्बरमा थापा, दोस्रोमा गिरी र तेस्रोमा तामाङ छन् । मन्त्रिपरिषद्ले मेरिटका आधारमा नियुक्ति गरे थापा ३१औं प्रहरी प्रमुख हुने छन् ।

प्रहरी नियमावली, २०७१ को नियम ४१ ले प्रहरी महानिरीक्षकको बढुवाको अधिकार नेपाल सरकारलाई दिएको छ । नियमावलीमा भनिएको >>> पृष्ठ २ मा

### वरीयता मिच्ने आईजीपीहरू

- २०४९ फागुनमा रत्नशमशेर जबरालाई हटाएर मोतीलाल बोहोरालाई आईजीपी बनाउँदा वरिष्ठताको मर्यादाक्रम मिचिएको थियो । उनीभन्दा वरिष्ठ एआईजी सुरेन्द्रबहादुर शाह थिए ।
- २०६३ मा वरिष्ठको वरीयतामा रहेका एआईजी राजेन्द्रबहादुर सिंहलाई पाखा लगाएर ओमविक्रम राणालाई आईजीपी नियुक्त गरिएको थियो ।
- २०६३ मा पहिलो वरीयतामा रहेका डीआईजी नवराज सिलवाललाई पछि पार्दै सरकारले प्रकाश अर्याललाई आईजीपी बनाएको थियो ।
- २०७९ मा विश्वराज पोखरेल, सहकुलबहादुर थापा र रवीन्द्रबहादुर धानुकलाई पछि पार्दै सरकारले धीरजप्रताप सिंहलाई आईजीपीमा नियुक्त गरेको थियो ।

# गोप्य बैठकबाट टुंग्याइँदै निजामती विधेयक

छलफलका सबै विषय सार्वजनिक हुँदा निष्कर्षमा पुग्न कठिन भन्दै संसदीय उपसमिति गोप्य छलफलमा छ । गोप्य छलफलबाटै महत्वपूर्ण विषयमा सहमति जुटाउने प्रयासमा नेताहरु छन्



"१९-२० वटा विषय छन्, जसमाथि सैद्धान्तिक छलफल जुटेपछि निजामती विधेयक अगाडि बढ्छ

**उदयराज सापकोटा**
**सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

### टुंगिनुपर्ने मुख्य सवालहरू

- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत कुन सरकारअन्तर्गत ?
- प्रदेश सचिव कोप्रति जवाफदेही ?
- ट्रेड युनियनको व्यवस्थामा के गर्ने ?
- समावेशी प्रतिनिधित्वको सवालमा के गर्ने ?
- श्रेणीगत प्रणालीलाई निरन्तरता दिने कि तहगतमा जाने ?
- सरुवा र बढुवामा के गर्ने ?
- माथिल्लो तहमा खुल्ला प्रतिस्पर्धा राख्ने कि नराख्ने ?
- अवकाश र सेवा प्रवेशको अधिकतम उमेर हद कति राख्ने ?

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

संघीय निजामती विधेयकमाथि संसदीय उपसमिति नियमितजसो छलफलमा छ । उपसमितिका गोप्य बैठकबाटै 'संघीय निजामती सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टुंगो लगाउने तयारीमा राजनीतिक दलहरू लागेका छन् ।

नेताहरूका अनुसार छलफलका सबै विषय सार्वजनिक हुँदा निष्कर्षमा पुग्न कठिन भन्दै संसदीय उपसमिति गोप्य छलफलमा छ । गोप्य छलफलबाटै महत्त्वपूर्ण विषयमा सहमति जुटाउने प्रयासमा नेताहरू छन् । उनीहरू उपसमितिले आन्तरिक रूपमा महत्त्वपूर्ण विषयमा सहमति जुटाएपछि मात्र के कस्ता व्यवस्था गरिए भन्ने सार्वजनिक हुने बताउँछन् ।

गत ९ फागुनमा राज्य व्यवस्था समितिले नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूको नेतृत्वमा संसदीय उपसमिति गठन गरेको थियो । यो उपसमितिले यसबीचमा ४ वटा बैठक गरिसकेको छ । आइतबारको चौथो बैठकमा लोकसेवा आयोगका पदाधिकारीहरूसँग छलफल गरिएको छ ।

संसदीय उपसमितिका सदस्यहरूमा सांसदहरू अशोककुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे छन् ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाका अनुसार निजामती विधेयक संघीयता कार्यान्वयनसँग समेत जोडिएकाले यसको सैद्धान्तिक पक्षमा प्रस्ट हुन आवश्यक छ । 'विधेयकमा १९-२० वटा विषय छन्, जसमाथि सैद्धान्तिक छलफल जुटेपछि विधेयक अगाडि बढ्छ', उपसमिति गठन हुनु अगाडि सचिव सापकोटाले भनेका थिए ।

उनका अनुसार प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत कुन तहको सरकारअन्तर्गत रहने भन्ने विषय महत्त्वपूर्ण छ ।

संविधानतः संघीय लोकसेवा आयोग र प्रदेश निजामती सेवा आयोग रहन्छ । प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत कुन लोकसेवा आयोगले लिने र कुन सरकार मातहत रहने भन्ने विषयमा दलहरूका बीचमा समेत एकमत छैन ।

निजामती कर्मचारीमा रहँदै आएको कर्मचारीहरूको ट्रेड युनियनको व्यवस्थाको निरन्तरताकै विषयमा समेत दलहरू विभाजित छन् । निरन्तरता दिँदा पनि हाल प्रचलनमा रहेजस्तै दल निकटमा कर्मचारी ट्रेड युनियन रहन सक्ने अवस्थामा के गर्ने भन्नेमा फरक-फरक मत रहँदै आएका छन् ।

समावेशी प्रतिशतमा समेत हेरफेरको विषय प्रस्तावित छ । महिलाका लागि हाल ३३ प्रतिशत र अन्यका लागि जनसंख्याअनुसार अभ्यासमा रहेको व्यवस्थामा पुनरावलोकनको >>> पृष्ठ २ मा

# जमघटका 'जक्सन'
## अनौठा नाम, थरिथरि स्वाद



किशोर-किशोरी, युवादेखि सेवा निवृत्त व्यक्तिहरूले चिया पसललाई चिया पिउनकै लागि मात्र होइन, आपसमा भेटघाट, गफ गर्ने र समय बिताउने थलो बनाएका छन्

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १७ फागुन ।

बिहान होस्, दिउँसो वा त साँझ, सबैको गफगाफका थलो बनेका छन् प्रदेश राजधानी वीरेन्द्रनगरका विभिन्न ठाउँमा खोलिएका चिया पसल ।

बजारमा विभिन्न नामका थुप्रै चिया पसल खोलिएका छन् । उक्त चिया पसलमा अलि बढी नै युवाहरूको मोह देखिन्छ । युवाहरू मात्र होइन, चिया पसलमा सबै उमेरका मानिसहरू चिया पिउन आएका भेटिन्छन् । चियाप्रेमीहरू चियाको चुस्कीसँगै साथीभाइसँग रमाइला गफगाफ गर्न र समय बिताउनमा चिया पसलमा निकै जान्छन् ।

यहाँ अनौठा नाम र थरिथरि स्वाद भएका चिया पसल थुप्रै मात्रामा छन् । चियाप्रति नेपालीको आदत बढ्दै जाँदा शहरमा अनौठा नाम र फरक शैलीका चिया पसलहरू खुल्न थालेका छन् । तिनमा दाह्री भाइको चिया पसल, चिया चौतारी, द टी प्वाइन्ट, चिया गफ, चिया अड्डा, आरबीडी फुड कोर्ट र एम सेभेन नामक चिया पसलहरू सुर्खेतमा निकै प्रख्यात छन् ।

यहाँ स्वदेशीसँगै विदेशी चियाको स्वाद लिन सकिन्छ । चियाको लत मेटाउन खुलेका यस्ता पसलमा युवा पुस्ताको आकर्षण बढ्दो छ । चियाकै लागि प्रख्यात यी पसलमा बिहान-बेलुकी ग्राहकको निकै भीड लाग्छ । चिया पसल र चियादानीमा युवाहरूको रोजाइ हुन्छ दूध चिया, मट्का चिया र कालो चिया । साथै, अन्य खानेकुरा पनि । चिया मात्र होइन, कतिले त 'चियासँग पफ, साथीसँग गफ' भन्दै पसलको नारा नै बनाएका छन् । एक दशकअघिसम्म यहाँ फाट्टफुट्ट >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारका समस्या समाधानका लागि ४ मन्त्रालयबीच छलफल हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले परराष्ट्र, गृह, श्रम र स्वास्थ्यमन्त्रीको संयुक्त बैठक बसेर वैदेशिक रोजगार क्षेत्रमा रहेका मुख्य समस्याहरूको समाधान खोजिने बताएका छन् ।

आइतबार राजधानीमा आयोजित वैदेशिक रोजगार व्यवसायी महिला संघको साधारणसभाको उद्घाटनका अवसरमा मन्त्री भण्डारीले उक्त जानकारी दिएका हुन् ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले वैदेशिक रोजगारका समस्या आफूले भन्दा गहिरो गरी बुझेको भन्दै समाधानका लागि अत्यन्तै सकारात्मक वातावरण बनेको र केही दिनभित्रै मन्त्रीहरूको संयुक्त बैठक बस्ने तयारी रहेको मन्त्री भण्डारीले बताए ।

परराष्ट्रमन्त्री डा. देउवा केही दिनअघि आठौं 'इन्डियन ओसन कन्फ्रेन्स' तथा द्विपक्षीय बैठकहरूमा सहभागी हुन ओमान भ्रमणमा जाँदा ओमानलगायत खाडी समन्वय परिषद्स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गरेकी थिइन् । भर्चुअल बैठकमा नेपाली नियोगका राजदूत, कार्यबाहक महावाणिज्यदूत, नियोग उपप्रमुख, श्रम काउन्सिलर तथा श्रम सहचारीलगायत नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको सहभागिता थियो ।

उक्त बैठकमा महिला घरेलु कामदारलगायत नेपाली श्रमिकको उद्धार, सहायता, स्वदेश फिर्ती, बीमा तथा क्षतिपूर्ति, आश्रयस्थल व्यवस्थापन, शव व्यवस्थापनलगायत श्रमिकसँग सम्बन्धित समस्या एवं समाधानका उपाय, प्रभावकारी सेवा प्रवाहमा देखिएका चुनौती र समाधानका उपायबारे गंभीर छलफल भएको थियो । खाडी मुलुक भ्रमणबाट फर्केपछि मन्त्री राणाले समस्याको गहिरिएर पहिचान गरेको र समाधानमा >>> पृष्ठ २ मा

### महर्जनको नेतृत्वमा नयाँ कार्यसमिति



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी महिला संघको अध्यक्षमा अरोमा इन्टरनेशनल प्रा. लि.की संचालिका प्रतिमा महर्जन निर्वाचित भएकी छन् । संघको साधारणसभा पछि भएको निर्वाचनले सर्वसम्मतिले १७ सदस्यीय कार्यसमिति निर्वाचित गरेको हो । कार्यसमितिको प्रथम उपाध्यक्षमा रारा इम्प्लोइमेन्ट कन्सल्ट्यान्सी प्रा. लि.की संचालिका तारा रेग्मी, द्वितीय उपाध्यक्षमा युरोएशिया एचआर सोलुसन >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com



# एमालेले घटायो जनसंगठनमा पदाधिकारी संख्या

**काठमाडौं/मस-** नेकपा एमालेले जनवर्गीय संगठनमा केन्द्रीय पदाधिकारीको संख्या घटाएर ९ जनाको बनाउने निर्णय गरेको छ । आइतबार पार्टी कार्यालय च्यासलमा बसेको पार्टीको सचिवालय बैठकले जनसंगठन समन्वय सम्बन्धी निर्देशिकामा संशोधनका गरी केन्द्रीय पदाधिकारीको संख्या घटाएर ९ जनामा सीमित गर्ने निर्णय गरेको हो ।



यस अगाडि एमालेका जनवर्गीय संगठनहरूमा १७ सदस्यीय केन्द्रीय पदाधिकारी रहने व्यवस्था थियो । जनसंगठनमा केन्द्रीय कमिटी, सचिवालय र स्थायी कमिटीको अभ्यास भइरहेकोमा अब स्थायी कमिटीको संरचना नराख्ने निर्णय भएको जानकारी महासचिव शंकर पोखरेलले दिए । उनले सम्बन्धित संगठनले आफ्ना विधानको माध्यमबाट सो संरचना परिवर्तन गर्ने उल्लेख गरे । अब जनसंगठनमा अध्यक्ष १ जना, उपाध्यक्षमा १ जना महिलासहित २ जना, महासचिव १ जना, उपमहासचिव १ जना, सचिव र कोषाध्यक्षसहित ४ जना गरी ९ जना पदाधिकारी रहनेछन् ।

'जनसङ्गठन समन्वय संयन्त्रले प्रस्ताव गरे बमोजिम जनसङ्गठनको केन्द्रीय कमिटीको अधिकतम संख्या क्रमशः १५० र ९९ मा सीमित गर्ने, जनसंगठनको हालको अधिकतम् १७ पदाधिकारीहरूको संख्या घटाई ९ मा सीमित गर्ने, अध्यक्ष र महासचिवका अतिरिक्त उपाध्यक्ष महिलासहित २, उपमहासचिव १ र संगठन-प्रचार-विदेश र कोषको जिम्मेवारी तोकेरै सचिव (कोषाध्यक्ष भएमा सो सहित)को संख्या ४ मा सीमित गरिने छ ।

यस्तै बैठकले स्थानीय तहका जनप्रतिनिधिको भेला चैतमहिनाभित्र गर्ने भएको छ । महासचिव पोखरेलले स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षहरूको कार्यशाला आगामी चैत महिनाभित्र सम्पन्न गर्ने निर्णय गरेको जानकारी दिए ।

कार्यशालामा जनप्रतिनिधिलाई वर्तमान राजनीतिक परिस्थिति,स्थानीय तहको अधिकार, कार्यक्षेत्र, जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध, पार्टीको निर्देशन एवम् बटमलाइन, आगामी नीति कार्यक्रम, कानुन र बजेट निर्माण, उत्पादन र रोजगारीलगायत विषयमा प्रशिक्षण दिइनेछ । यसैगरी ताप्लेजुङको पाथीभरा केबलकार निर्माणमा देखिएको विवाद समाधान गर्न सरोकारवाला पक्षको ध्यानाकर्षण गर्ने निर्णय पनि बैठकले गरेको छ । बैठकले केबलकार निर्माणको विवादमा स्थानीय जनप्रतिनिधि, स्थानीय प्रशासन र सरोकारवाला समूहसँग छलफल गरेर समस्या समाधान गर्न ध्यानाकर्षण गर्ने निर्णय गरेको हो । केबलकार निर्माणको प्रक्रियालाई अघि बढाउन सहज वातावरण बनाउन पार्टीले चासो राखेको महासचिव पोखरेलले जानकारी दिए ।

बैठकले स्थानीय विकास विभाग र प्रचार विभागको सचिवमा क्रमश नवराज गेलाल र गणेश पाण्डेलाई मनोनयन गर्ने निर्णय गरेको छ । त्यस्तै नीति तथा कार्यक्रम छलफल गर्ने प्रयोजनका लागि स्थानीय तहका जनप्रतिनिधिहरुको भेला चैत्र मसान्तसम्म र प्रदेशका हकमा प्रदेशमा रहको मुख्यमन्त्री मन्त्री र दलका नेतालगाएत रहेको संयुक्त भेला गर्ने निर्णय भएको पोखरेलले बताए । महासचिव पोखरेलले सरकारले ल्याएका अध्यादेश पारित गर्न खोज्नु कर्तव्य भएको भन्दै सरकारको प्रयासलाई स्वाभाविक रूपमा लिनुपर्ने धारणा राखे ।

त्यस्तै बैठकले पार्टीको स्थापना दिवसमा कम्युनिष्ट योद्धा सम्मान गर्न प्रत्येक प्रदेशबाट एक-एक जना कम्युनिष्ट योद्धा पहिचान गरि सिफारिस गर्न निर्देशन दिएको छ । बैठकले सुदूरपश्चिम प्रदेशले प्रदेश कमिटी सदस्य नियुक्त गर्न गरेको सिफारिस अनुमोदन गरेको छ ।

# दम्माममा नेपाली दूतावासको घुम्ती शिविर

**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरब, १८ फागुन ।



साउदी अरबको पूर्वी क्षेत्र दम्माममा नेपाली श्रमिकहरूलाई सेवा प्रवाह गर्न नेपाली राजदूतावास रियादले घुम्ती शिविर आयोजना गरेको छ । १६ र १७ फागुन (२८ र २९ फेब्रुअरी)मा संचालन गरिएको उक्त शिविरमा राहदानी नवीकरण, राहदानी वितरण, नेपाल फर्कन चाहने तथा वैदेशिक रोजगारीका लागि उचित कागजात आवश्यक परेका श्रमिकहरूलाई सेवा प्रदान गरियो ।

राजदूतावासको संयोजनमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) साउदी अरब, स्थानीय संघसंस्थाहरूको सहकार्यमा आयोजना गरिएको २ दिने शिविरमा १ हजार ९२ जना नेपाली श्रमिकहरूको 'लाइभ इनरोलमेन्ट' गरिएको थियो । ६६९ जनाले राहदानी नवीकरण तथा वितरण सेवा प्राप्त गरे भने ३१ जनाले नेपाल फर्कनका लागि निवेदन दिएका थिए ।

यस शिविरमा १६ हजार ६२२ जना नेपाली श्रमिकहरूले विभिन्न सेवा लिन राजदूतावासमा सम्पर्क गरेका थिए । जलदूत सेवा प्रवाहअन्तर्गत राजदूतावासले साउदी रियाल १२ लाख १९ हजार ५०० (करिब १ करोड नेपाली रुपैयाँ) संकलन गरेको छ ।

नेपाल सरकार तथा नेपाली राजदूतावासको सेवाको पहुँच श्रमिकहरूमाझ पुर्‍याउने उद्देश्यले गरिएको यो घुम्ती शिविर अत्यन्त सफल भएको बताइएको छ । नेपाल फर्कन चाहने श्रमिकहरूका लागि सहयोगी भूमिका निर्वाह गर्ने उद्देश्यले आगामी दिनहरूमा पनि यस्ता शिविर संचालन गरिने जनाइएको छ ।

## मेरिट...

छ, 'एआईजीहरूमध्येबाट र एआईजी नभएको अवस्थामा डीआईजीमध्ये बाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई आईजीपी पदमा बढुवा गर्ने छ ।' तर, विगतका सरकारले प्रहरी संगठनको प्रमुख नियुक्त गर्दा राजनीतिक निकटतालाई प्राथमिकता दिँदै वरिष्ठता र कार्यकुशलतालाई बेवास्ता गरेका प्रशस्त उदहारण छन् । हाल प्रहरी प्रमुखको दौडमा रहेका भक्तपुरका स्थानीय दीपक थापाको उच्च तहका राजनीतिक नेतृत्वसँग राम्रो सम्बन्ध छ । वरीयतामा पहिलो नम्बर र नेतृत्वसँगको सम्बन्धका कारण उनी आईजीपी हुनेमा करिब निश्चिन्त छन् । प्रतिस्पर्धामा रहेका सुदीप गिरी पूर्वप्रधानन्यायाधीशका छोरा हुन् । उनी पनि प्रतिस्पर्धाको दौडमा निकै लागेका छन् । अर्का प्रतिस्पर्धी टेकबहादुर तामाङले पनि झापाका नेताहरूमार्फत लबिङ गरिरहेका छन् ।

झापाको दमक ससुराली भएका उनी पूर्वडीआईजी देवीलाल तामाङका ज्वाइँ हुन् । अख्तियार प्रमुख प्रेमकुमार राईसँग निकट सम्बन्ध रहेका तामाङ प्रधानमन्त्री केपी शर्मा ओलीलाई 'कन्भिन्स' गर्ने प्रयासमा छन् ।

तत्कालीन एआईजी विश्वराज पोखरेलभन्दा १६ महिना जुनियर रहेका अर्का एआईजी धीरजप्रताप सिंहलाई सरकारले आईजीपीमा नियुक्त गरेको थियो । सिंह आईजीपी भएपछि पोखरेल हेडक्वार्टर नै नटेकी बिदामा बसेर अवकाश लिएको नजिर ताजै छ । त्यसअघि र पछि नियुक्त भएका नेपाल प्रहरीका आईजीपी समेत वरिष्ठता मिचिएको थियो । राजनीतिक हस्तक्षेप हुँदा वरिष्ठता मिच्ने प्रवृति, आन्तरिक गुटबन्दीलाई प्रश्रय दिइएको इतिहास छ ।

यो प्रवृत्तिले प्रहरी संगठनमा योग्य अधिकृतहरू ओझेलमा पर्ने गरेका पूर्व प्रहरी अधिकृतहरू बताउँछन् । दलहरूले आफूअनुकूलका व्यक्तिलाई आईजीपी बनाउने अभ्यासले थलिएको प्रहरी संगठनका अधिकृतहरू कानुनी लडाइँसम्म पुगेका उदहारण छन् । पटक-पटक सर्वोच्च अदालतले समेत वरीयता मिच्ने प्रवृत्तिलाई रोक्न आदेश दिए पनि राजनीतिक दबाब र प्रभावले निरन्तरता पाउँदै आएको छ ।

## गोप्य...

विषयमा संसदीय समिति छलफलमा छ ।

निजामती सेवालाई श्रेणीअन्तर्गत निरन्तरता दिने कि तहगत प्रणालीमा जाने भन्ने विषयमा समेत सरोकारवालाहरूको चासो रहँदै आएको छ ।

सरुवा र बढुवाको विषयमा समेत चासो छ । कतिपयले अनुमानयोग्य सरुवा प्रणालीको विषयमा वकालत गरिरहेका छन् भने कतिपयले सरकारले आफ्नो नीति कार्यान्वयन गर्नका लागि त्यसअनुसारको कर्मचारीको साथ लिनका लागि सरुवा गर्न खोज्दा रोक्ने व्यवस्था उचित नरहेको तर्क गर्दै आएका छन् ।

खुल्ला प्रतिस्पर्धाबाट लिने कर्मचारीको प्रतिशतका विषयमा समेत दलहरू छलफलमा छन् । अवकाश र सेवा प्रवेशको अधिकतम उमेर हदको विषयमा समेत छलफल चलिरहेको छ ।

संविधानअनुसार संघीयतासहितको निजामती सेवा ऐन बन्न लागेकाले पनि विधेयकका प्रस्तावित विषययप्रति सरोकारवालाहरूको चासो छ ।

समग्र विषयमा संसदीय उपसमितिलाई १ महिनाभित्र विधेयकमाथि सहमति जुटाएर प्रतिवेदन दिन भनिएको छ । निर्धारित समयमै जिम्मेवारी सक्नेगरी छलफलमा जुटेको उपसमिति सदस्यहरू बताउँछन् ।

यो विधेयक २१ फागुन २०८० मा प्रतिनिधिसभामा दर्ता भएको थियो । सैद्धान्तिक छलफल गरेर प्रतिनिधिसभाले दफावार छलफलका लागि १५ जेठ २०८१ मा राज्य व्यवस्था समितिमा पठाएको थियो । संघीय निजामती सेवासम्बन्धी विधेयकमा सांसदहरूले १२४ समूहमा १ हजार ५८३ वटा संशोधन हालेका थिए । प्राप्त संशोधन उपर एकसरो छलफल सकेर राज्य व्यवस्था समितिले उपसमिति बनाएको हो ।

२०७५ सालमा प्रतिनिधिसभामा दर्ता भएको संघीय निजामती सेवा विधेयक २०७८ असोजमा सरकारले फिर्ता गरेको थियो । त्यसपछि प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संसद्मा विधेयक नै आउन सकेको थिएन ।

प्रतिनिधिसभाको चालू कार्यकालमा संसद्मा भएको यो विधेयक पनि अपेक्षित गतिमा अगाडि बढ्न नसकेको भनेर सरोकारवालाहरूले प्रश्न गरिरहेका छन् । यही बेला राज्य व्यवस्था समितिअन्तर्गतको उपसमितिले गोप्य बैठकमा सहमति जुटाएर मूल समितिमा एकसाथ प्रस्तुत गर्नेगरी छलफललाई तीव्रता दिएको हो ।

## जमघटका...

रूपमा रहेका चिया मात्र बेच्न खुलेका पसलको संख्या अहिले बढ्दै गएको स्थानीय प्रेम विक बताउँछन् । उनका अनुसार खाजाघरमा चिया अनिवार्य जस्तै पाइने भए पनि चियाकै लागि खुलेका पसल थोरै थिए ।

'पहिले चिया खान खाजाघरमा जानुपर्थ्यो । अहिले त चियाघर नै छन् । त्यसबेला चिया कि कालो कि दूधको मात्र हुन्थ्यो', उनी भन्छन्, 'अहिले त चियाकै लामो मेन्यु हुन्छ । त्यसैमा नयाँनयाँ स्वाद हुन्छन् ।'

चियासँगै पसलको वातावरण र सेवाबाट आफूहरू प्रभावित भएको चिया पारखी जाजरकोटका श्याम थापा बताउँछन् । 'सुर्खेतमा यति धेरै होटल, रेस्टुराँ छन् तर मलाईचाहिँ यस्तै चिया पसलहरू राम्रो लाग्छ । सस्तो छ, गफगाफको वातावरण पनि हुन्छ', उनी भन्छन्, 'त्यसैले, कहिले साथीहरूसँग त कहिले एक्लै पनि यहाँ आउँछु ।'

एक दशकअघिसम्म काठमाडौं उपत्यकामा फाट्टफुट्ट रूपमा रहेका चिया मात्र बेच्न खुलेका पसलको संख्या अहिले बढ्दै गएको चाबहिलको चियावालामा भेटिएका अमरप्रसाद देवकोटा बताउँछन् । उनी खाजाघरमा पाक्ने चियाभन्दा चिया पसलमा पाक्ने चिया धेरै फरक भएको बताउँछन् । चिया पसलमा पाक्ने बेग्लै स्वादको चियाले उनी आफूलाई मात्र होइन, धेरै युवालाई तानेको बताउँछन् ।

'चिया चौतारीमा धेरै युवाको जमघट भइरहन्छ । बिहान/साँझ व्यापारसँगै दिउँसो र साँझपख एकछिन रिफ्रेस हुन पसलबाट निस्किँदा चिया खाने बानी परिसकेको छ', उनी भन्छन्, 'साँझतिर चिया, कफीको मीठो स्वादले छुट्टै आनन्द प्रदान गर्छ ।'

सुर्खेतमा मात्र होइन, अहिले देशैभर व्यावसायिक रूपमा चिया पसल खोल्ने 'ट्रेन्ड' चलेको छ । सुर्खेतमा खोलिएका चिया पसल जस्तै काठमाडौं, बुटवललगायतका ठाउँमा पनि यस्ता चिया पसलहरूले निकै चर्चा कमाएका छन् । चिया पसलमा ग्राहक आकर्षित गर्न व्यवसायीहरूले विभिन्न उपाय र विधि अपनाएको 'द टी पोइन्ट'का संचालक दीपक बस्नेत बताउँछन् ।

उनले कम लगानीमै व्यवसायमा जम्न सकिने भएकाले चिया पसलहरू खुल्ने क्रम बढ्दो रहेको बताए । दैलेख रोड चोक नजिकै रहेको 'टी पोइन्ट' धेरै युवाको रोजाइमा छ । चियाका पारखीलाई गफगाफमा रमाउने वातावरणसमेत बनेको छ ।

टी पोइन्ट मात्र होइन, भर्खरै संचालनमा आएको 'चिया गफ' घण्टाघर नजिकै रहेको चिया चौतारी 'दाह्री भाइको चिया पसल', 'चिया अड्डा'लगायतका पसल युवा पुस्ताले आपसमा भेटघाट, गफ गर्ने र समय बिताउने थलो बनाएका छन् । कतै माटोको भाँडोमा चिया बनाउने अनि माटोकै भाडामा खान दिने पनि गरिन्छ ।

यसरी गाउँलेपन झल्काउँदा बिहानदेखि बेलुकासम्म कंक्रिटले घेरिएका कोठामा रहने शहरका मानिस आकर्षित हुने बस्नेत बताउँछन् । सामान्य आम्दानीका लागि गरिने चिया पसल अहिले व्यावसायिक रूपमा सुरु भएको छ । पछिल्लो समय चिया पसल खोल्ने 'ट्रेन्ड' नै चलेको छ, जहाँ ग्राहकलाई आकर्षित गर्न विभिन्न उपाय र विधि अपनाइन्छ ।

चिया पसल खोलेरै कतिपय व्यावसायिक रूपमा सफलसमेत भइरहेका छन् । सर्वसाधारणले सामान्यतया चिया पसलमा भेट्ने, पत्रपत्रिका अध्ययन गर्ने र चिया चुस्कीसँगै वर्तमान/समसामयिक विषयमा गफिने क्रम पनि बढ्दो रहेको पसलेहरू बताउँछन् ।

यति मात्र होइन, कतिपय पसलहरूमा तस्बिर खिच्ने भिडियो बनाउनेलगायतका कामले महिलाहरू समेत चिया पसलमा गएका देखिन्छ । पसलहरूमा खुल्ला ठाउँ, रमाइलो चहलपहल, मौलिकता झल्काउने सजावट र चाहेअनुसार समय बिताउन सकिने भएकाले ग्राहकको आकर्षण बढ्दो छ ।

चिया पारखीलाई केन्द्रमा राखेर खुलेका चिया पसलले मौलिकपन झल्किने सजावट गर्ने गरेका छन् । आकर्षणका लागि कतै डोको-डालो त कतै खरको छानो, मकैका झुत्ता, बाँसको बार, भुइँमा गिटी-बालुवा र कतै लोप हुन लागेका सामग्री राख्ने गरिएका छन् । सामान्य चिया पसलको भन्दा चिया ब्रान्ड बनाएका पसलमा चियाको मूल्य केही महँगो हुन्छ ।

न्यूनतम २० रुपैयाँदेखि १०० रुपैयाँसम्मका चिया यी पसलहरूमा पाइन्छन् । विशेषगरी विभिन्न क्षेत्रमा काम गर्ने व्यावसायीक पेसाकर्मीहरू चिया खान र विश्राम गर्न आउने गरेका पसलेहरू बताउँछन् । पसलले ग्राहकले इच्छाएअनुसारको चिया दिने गरेका छन् । बस्नका लागि पुराना काठका मुडा, ओखल र पुराना डेस्क-बेन्च तथा राडी छन् । चिया राख्न पुराना टेलिभिजन, सुटकेस र डुंगालाई प्रयोग गरिएको छ । यसले नयाँपन दिनुका साथै आकर्षणसमेत बढाएको छ ।

## वैदेशिक...

उत्सुकता देखाएकाले आफू अत्यन्तै आशावादी रहेको बताएका छन् । वैदेशिक रोजगार व्यवसायीले नेपाली दूतावासहरूले समयमा मागपत्र प्रमाणीकरण नगर्ने, अनुचित मोलतोल गरेर रोजगारदाता र व्यवसायीलाई सास्ती दिने गरेको गुनासो गरिरहेका छन् । मन्त्री भण्डारीले ती सबै गुनासामाथि छलफल गरेर समस्याको समाधान खोजिने बताएका छन् ।

मन्त्री भण्डारीले वैदेशिक रोजगार व्यवसायी वास्तविकताभन्दा अफवाह र भ्रमको पछि लाग्ने गरेका कारणले पनि समस्याको समाधानमा ढिलाइ हुने टिप्पणी गरे ।

पछिल्लो पटक मलेसियाको रोजगारीमा सिन्डिकेटको आधारहीन विषयमा बक्तव्यबाजी गरिएको भन्दै असन्तुष्टि जनाए । उनले भने, 'मलेसिया सिन्डिकेट के हो ? कहाँ हो ? नीतिगत निर्णय भएको छ/छैन भन्ने विषयमा व्यवसायीको छाता संस्था संघले आधिकारिक रूपमा बुझ्नुपर्दैन ?'

नेपाल सरकार सिन्डिकेट, एकाधिकारका पक्षमा नरहेको भन्दै जिम्मेवार व्यक्ति र संस्थाले जिम्मेवारी निभाउनुपर्ने भन्दै नेपाल सरकारले द्विपक्षीय सम्झौताअनुसार कामदार पठाउने र लाइसेन्स दिएका व्यवसायीलाई भेदभाव नगर्ने भन्दै मलेसियाको भ्रमबारे स्पष्ट पार्न छिटोभन्दा छिटो मन्त्रालयले आधिकारिक विज्ञप्ति जारी गर्ने पनि मन्त्री भण्डारीले बताए ।

मन्त्री भण्डारीले संख्या सय समाधान र सेवा शुल्क परिमार्जनका विषयमा व्यवसायीले अनावश्यक होहल्ला गरेर चुनावी लाभ आफ्नो पक्षमा पार्ने रणनीति लिएको पनि गुनासो गरे । उनले भने, 'यहाँ जति पनि भाषण सुनें, यो चुनावी प्रोपोगान्डा जस्तो अनुभूति भयो । संख्या सय समाधानका लागि सैद्धान्तिक आधारमा अन्तिम एक पटकका लागि निर्णय गरिएको हो । अमिल्दो कानुन परिवर्तन गर्न केही नेपाल ऐन संसोधन विधेयक मन्त्री परिषद्बाट समितिमा पठाएको हो । त्यो जहाँको त्यहीँ छ । हल्ला बढी गर्ने ?'

मन्त्री भण्डारीले राजनीतिक दल निकट व्यवसायीलाई सेवा शुल्क परिमार्जनलगायतका समस्या समाधानका लागि सार्वजनिक खपतका लागि भाषण गरे पनि व्यवहारमा दल निकट व्यवसायीले काम गर्न नसकेको दाबी गरे । उनले भने, 'मञ्चमा जसरी भाषण गर्नुहुन्छ, हात जोडेर भन्छु- तपाईंका नेताहरूलाई बुझाउनुस्, २ दिनभित्र समस्याको समाधान आउँछ ।'

मन्त्री भण्डारीले सरकारले नीति तथा कानुनी सुधार गर्ने तर वैदेशिक रोजगारमा जाने कामदारले त्यसको लाभ नपाउने अवस्था रहेको समेत टिप्पणी गरे । उनले भने, 'भिसा किन्ने कुरा हो ? तपाईंहरूले किन्नुभएको छ । बजार बिगार्ने को हो ? गरिबको बच्चाले वैदेशिक रोजगारीका लागि ४० प्रतिशत ब्याजमा ३ लाख लिएर १० लाखको कागज गरेर विदेश गएको छ । घर फर्किंदा महाजनले घरखेत गरेको छ । यसलाई के गर्ने ? तपाईंहरूले पनि सोच्नुपर्‍यो ।'

मन्त्री भण्डारीले नीतिगत र व्यावहारिक समस्याको समाधानका लागि आफूले पहल गरे पनि व्यवसायीबाट साथ नपाएको गुनासो गरे । उनले भने, 'ऐनले १५ दिनभित्र मागपत्र प्रमाणीकरण भनेको छ तर कूटनीतिक नियोगहरूले १५ दिनभित्र प्रमाणीकरण नगरे संयन्त्र बनाएर वैदेशिक रोजगार विभागले प्रमाणीकरण गर्ने कार्यविधि बनाएर मन्त्रिपरिषद् लगे तर कार्यविधि क्याबिनेटबाट फर्किंदा तपाईंहरू बोल्नुभएन । म मात्र लडेर हुन्छ ?'

संघका अध्यक्ष राजेन्द्र भण्डारीले सरकारले संख्या सय समस्याको समाधान, सेवा शुल्क परिमार्जन, मागपत्र प्रमाणित नहुँदा बिचौलिया मोटाएका, कामदार र व्यवसायी समस्यामा परेका उल्लेख गरे । अध्यक्ष भण्डारीले विगतमा विभिन्न आवरणमा स्वास्थ्य संस्थामा सिन्डिकेट लागेकाले यस पटक सरकार र सम्बन्धित निकायलाई खबरदारी गर्न विज्ञप्ति जारी गरेको बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी लोकतान्त्रिक एसोसिएसनका कार्यबाहक अध्यक्ष रामप्रसाद गैरेले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या सरकारले समाधान गर्न पर्याप्त ध्यान नदिएको बताए ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले विगत २३ महिनादेखि युरोपेली मुलुकको मागपत्र प्रमाणीकरण नहुँदा व्यवसायी डाको छाडेर रुने अवस्थामा पुगेका भन्दै आक्रोश व्यक्त गरे ।

उनले सिन्डिकेटका नाममा २५ वा म्यानपावर कम्पनीले मलेसिया कामदार पठाउने षडचन्त्र भए बाँकी १ हजार व्यवसायी सडकमा आएर आन्दोलन गर्ने र सिन्डिकेट लगाउनेहरू भाग्नुपर्ने अवस्था आउने दाबी गरे । अध्यक्ष रावलले व्यवसायीको मिहिनेत र लगानीले रेमिटचान्स भित्र्याउने अवस्था बनेको तर सम्मानचाहिँ रेमिटयान्स कम्पनीले पाउने अवस्था रहेकाले त्यसको पनि अन्त्य हुनुपर्ने माग गरे । नेपाल वैदेशिक रोजगार व्यवसायी लोकतान्त्रिक एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले सरकारी नीति फितलो भएको र अनुगमनका नाममा कर्मचारीले सास्ती दिएको भन्दै ध्यान दिन मन्त्री भण्डारीको ध्यानाकर्षण गराए । 'म्यानपावर कम्पनीको अनुगमन हुन्छ तर प्रतिवेदन आउँदैन', अनुभवी मन्त्री भएको अवस्थामा पनि समस्याको समाधान नहुने भन्दै न्यौपानेले भने, 'प्रतिवेदन खोज्नुस्, समस्या समाधानको पहल गर्नुस्, हामी पनि सहयोग गर्छौं ।'

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशीले हचुवाका भरमा कानुन निर्माण गरी अप्ठ्यारो अवस्था सिर्जना गरेर व्यवसायीलाई सास्ती दिने प्रवृत्ति बढेकाले मन्त्रीले त्यसमा ध्यान दिनुपर्ने माग गरे ।

तत्कालीन अध्यक्ष सीता देवकोटाको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा संघ महासचिव मेघनाथ भुर्तेल, पूर्वअध्यक्षहरू दिलप्रसाद पोखरेल, प्रेमबहादुर कटुवाललगायतको उपस्थिति थियो ।

## महर्जनको...

प्रा. लि.की संचालिका किरण सिग्देल, तृतीय उपाध्यक्षमा अक्टोपस रिक्रुटमेन्ट सर्भिस प्रा. लि.की सञ्चालिका सुनिता कर्माचार्य, महासचिवमा जेन्युन प्लेसमेन्ट प्रा. लि.की संचालिका हिरादेवी बुढाथोकी, सचिवमा कालिञ्चोक म्यानपावर प्रा. लि.की धनमाया सिञ्जाली र सहसचिवमा वीनर एचआर सोलुसन प्रा. लि.की संचालिका हेमा गुरुङ निर्वाचित भएका छन् ।

कोषाध्यक्षमा सुपर्ब फरअल्टिमेट मेनपावर सर्भिस प्रो लि.की संचालिका चन्द्रकमल श्रेष्ठ र सहकोषाध्यक्षमा सरु गुरुङ निर्वाचित भएका छन् । कार्यसमिति सदस्यमा अलोन ओभरसिज प्रा. लि.की संचालिका भीममाया कार्की (कल्पना केसी), रियो ओभरसिज प्रा. लि.की संचालिका रमा खड्का, गंगा पुन, इम्पेरियल ओभरसिज प्रा. लि.की संचालिका विद्यालक्ष्मी बज्राचार्य, अस्लेसा इन्टरनेशनल सर्भिस प्रा.लि.की सञ्चालिका निलम केसी, ग्लोबल एचआर ह्युमन रिसोर्स प्रा. लि.की संचालिका गीता राउत, युनिक ओभरसिज प्रा. लि.की सञ्चालिका तिलरुपा दाहाल र कामाख्या ओभरसिज प्रा. लि.की सञ्चालिका राधा केसी निर्वाचित भएका छन् ।

नवनिर्वाचित अध्यक्ष महर्जनले क्षमताअनुसार सबैलाई समेटेर बिना भेदभाव जिम्मेवारी बाँटफाँट गरेर अघि बढ्ने मध्यान्ह दैनिकलाई बताइन् ।

**सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. ४ निवासी यस चौदण्डीगढी प्रा लि (नं. १५१७३७/०७२/०७३) का संस्थापक सदस्य श्री कुमार कार्की (ना.प्र.नं. ०६२९०६७/०६२/०६३) नामको सूचना**

**प्रकाशित मिति : २०८१/११/१९**

तपाई कुमार कार्कीले कम्पनि संस्थापनाको बखत कबुल गर्नुभएको शेयर वापतको रकम हालसम्म यस कम्पनिमा दाखिला नगरेकोले कम्पनिको मिति २०८१ फाल्गुण ४ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित भएको मिति देखि बढिमा २१ दिनभित्र कम्पनि संस्थापनाको बखत कबुल गरेको शेयर रकम दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयभित्र शेयर वापतको रकम जम्मा नगरेमा प्रचलित कानुन बमोजिम शेयर जफत गरि कानुन बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

**शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार बिक्रिको सूचना**

**चौथो पटक संशोधित सूचना प्रकाशन मिति २०८१/११/१९ गते (सोमबार)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६६ मिति २०८०/११/२९ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ९६० मिति २०८१/०७/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना कर्मा, धौटी, जामुन, पानन, तेन्दु, गम्हारी र बर्रो लगायतका अन्य जातका गोलिया थान १४११ को ९८२९.७० काठ, साल जातको दाउरा २२.५ चट्टा, अन्य जातको दाउरा ९.७५ चट्टा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो चौथो पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औं दिनको दिउँसो ३:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-२, बाँके

**कुवेतमा रोजगार**

कम्पनीः KOKH AL BANAT LADIES BEAUTY SALOON — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०५/०६ — चलानी नं.: ६०२२३५५१ — LT. No.: 309298 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६७,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 5 | | 150 | ६७,८५३ | | | | | | | |

कम्पनीः CLUTCH CO FOR RESTAURANT MANAGEMENT COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०७/३० — चलानी नं.: ६०२२८०८५ — L.T. No.: 313752 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६३,३२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Runner | 15 | 0 | | 140 | ६३,३२९ | | | | | | | |
| 3. | Sales Ladies | 0 | 15 | | 140 | ६३,३२९ | | | | | | | |

**साउदीमा रोजगार**

कम्पनीः DOSOR ALARABIA CO.LTD — शहरः Saudi Arabia, Abha
पूर्व स्वीकृत मितिः २०८१/११/१८ — चलानी नं.: ६०२३३८४६ — LT. No.: 319600

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 20 | 0 | स. काममा दक्ष | 1100 | ४०,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः DOSOR ALARABIA CO.LTD — शहरः Saudi Arabia, Abha
पूर्व स्वीकृत मितिः २०८१/११/१८ — चलानी नं.: ६०२३३८४७ — LT. No.: 319601

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1800 | ६७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २६ गते (10 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** — Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**युएईमा रोजगार**

कम्पनीः T T A CARPENTRY & FLOORING CONTRACTING L.L.C — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/११/१८ — चलानी नं.: ६०२३३८४२ — LT. No.: 319652

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building painter assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 3. | Electrician. | 3 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 4. | Painter | 3 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 5. | Plumber | 3 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 6. | STONE MASON | 2 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |
| 7. | TILE LAYER | 3 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २६ गते (10 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BIRD SKY H.R. PVT.LTD** — श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोनः +977-1-5913815, 5913915,
E-mail: info@birdskyhr.com.np, Website: www.birdskyhr.com.np

## केयुका ४ चिकित्सक निलम्बित

# डिन कार्यालयमा विद्यार्थीले लगाए ताला

**काठमाडौं/मस–** काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सका ४ जना चिकित्सक निलम्बन भएका छन् । अस्पतालमा एमडी पहिलो वर्षमा अध्ययनरत एक विद्यार्थीको आत्महत्या दुरुत्साहन कार्यमा संलग्न रहेको आरोपमा धुलिखेल अस्पतालमा कार्यरत ४ चिकित्सकलाई १ साताका लागि निलम्बन गरिएको हो ।

अस्पतालको मनोचिकित्सा विभागका डा.अजय रिसाल, दीपक कुँवर, डा.वर्षा श्रेष्ठ र डा.रिका रिजालले एक विद्यार्थीलाई यातना दिएको नेपाल मेडिकल काउन्सिलले जनाएको छ । उनीहरूलाई १६ फागुनदेखि १ साताका लागि निलम्बन गरिएको छ। ४ फागुनमा ती विद्यार्थीले आत्महत्याको प्रयास गरेका थिए । घटनाको प्रारम्भिक अनुसन्धानमा ती विद्यार्थीलाई सताउने कार्य गरेको पाइएको छ ।

धुलिखेल अस्पतालको घटनाबारे काउन्सिलले छानबिन समिति गठन गरी थप अनुसन्धान गरिरहेको छ ।

विश्वविद्यालयको मेडिकल साइन्सेजको डिन अफिसमा अध्ययनरत रेजिडेन्ट विद्यार्थीले ताला लगाएका छन् । विश्वविद्यालयको मेडिकल साइन्सअन्तर्गत मानसिक रोग विभागमा पढ्ने उचित वातावरण नभएको आरोप लागेको सन्दर्भमा डिन कार्यालयले कुनै छानबिन प्रक्रिया अगाडि नबढाएको आरोप लगाउँदै विद्यार्थीले ताला लगाइदिएका हुन् ।

मानसिक रोग विभाग प्रमुख डा. अजय रिसाल र एसोसिएसट प्रोफेसर डा. दीपक कुँवरले गरेको दुर्व्यवहारका कारण मनोचिकित्सक विषयमा स्नातकोत्तर तहमा अध्ययनरत एक विद्यार्थीले गत साता आत्महत्याको प्रयास गरेसँगै यो विवाद उत्कर्षमा पुगेको हो ।

विद्यार्थीमाथि दुव्यर्वहार गर्ने विभागीय पमुख र एसोसिएसट प्रोफेसरलाई कारवाही



गर्नुपर्ने विद्यार्थीले विश्वविद्यालयको मेडिकल साइन्सेसको डिन डा. मनोज हुमागाईं र डिन कार्यालयसँग माग राख्दै आएका थिए । काठमाडौं विश्वविद्यालयको मेडिकल साइन्सेसअन्तर्गत अध्ययनरत सबै विभागका रेजिडेन्ट विद्यार्थीले डिन डा. हुमागाईं विश्वविद्यालयमा आइपरेको विषम परिस्थितिमा आफ्नो कार्यालयमा उपलब्ध नभएका कारण पनि आफूहरू विरोधमा उत्रिनुको विकल्प नरहेको बताएका छन् ।

सोही विषयलाई लिएर डिनसँग बैठक बसेको शुक्रबार आठौं दिन भइसक्दा पनि डिनबाट ठोस कदम चाल्न नसकेको र डिनद्वारा देखाइएको पक्षपाती कारबाही र निर्णय प्रक्रियामा ढिलाइ गरेको विद्यार्थीको आरोप छ । डिन हुमागाईंले भने कार्यालयमा ताला लगाइएकोबारे आफूलाई कुनै जानकारी नभएको बताए ।

घटनाबारे नेपाल मेडिकल काउन्सिल र नेपाल मेडिकल एसोसियसनले धुलिखेल अस्पतालमा पुगेर घटनाबारे जानकारी लिएको छ । विभागीय प्रमुख डा. रिसाल र सोही विभागमा कार्यरत एसोसियट प्रोफेसर डा. कुँवर विद्यार्थीलाई पटक-पटक दुर्व्यवहार गरेकाले विद्यार्थीले आत्महत्याको प्रयास गरेको विश्वविद्यालयको मनोचिकित्सक विभागमा अध्ययनरत विद्यार्थीले नै आरोप लगाएका छन् ।

विश्वविद्यालयको मानसिक रोग विषयअन्तर्गत स्नातकोत्तर तहको पहिलो वर्षमा ३ जना, दोस्रो वर्षमा २ जना र तेस्रो वर्षमा २ जना गरी ७ जना रेजिडेन्ट विद्यार्थी छन् ।

## प्रहरी नायब महानिरीक्षक कार्कीसहित ३ जना सम्मानित




**काठमाडौं/मस–** लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीसहित ३ जना सम्मानित भएका छन् ।

केक्यान नेपालको ५औं साधारण सभा तथा तेस्रो अधिवेशनका अवसरमा कार्कीसहित ३ जनालाई सम्मान गरिएको हो ।

सम्मानित कार्कीसहित अधिवक्ता गोविन्द पन्थी, सञ्चारकर्मी जीवन शर्मालाई प्रमुख अतिथि राष्ट्रियसभाका पूर्वअध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सम्मान पत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए । लुम्बिनी प्रदेश प्रहरीले आमनागरिकलाई जनअपेक्षा अनुसारको सेवा प्रदान गरेको, आफ्ना काम पारदर्शी गर्दा सुशासनमा सहयोग पुगेको, लुम्बिनी प्रदेश अन्तर्गत नेपाल प्रहरीका काम कारबाहीले नेपाल सरकारको राजश्व वृद्धि भएको भन्दै कार्कीलाई सम्मान गरिएको हो । यस्तै पूर्व डीएसपी, हाल अधिवक्ता पन्थीले 'सरोकार केन्द्र'मार्फत समाजसेवा प्रदान एवम् वैदेशिक रोजगारीमा अलपत्र परेकाहरुलाई उद्धार गर्नुका साथै रकमको अभावमा न्यायको पहुँचमा नपुगेकाहरुलाई निःशुल्क कानुनी परामर्श दिइ उत्कृष्ट कार्य गरेको भन्दै 'समाजसेवा सम्मान' बाट सम्मानित गरिएको हो ।

त्यस्तै खोजी पत्रकारितामा उल्लेखनीय कार्य गरेको भन्दै सञ्चारकर्मी शर्मालाई सम्मान गरिएको केक्यानका संस्थापक अध्यक्ष गणेश शर्माले जानकारी दिए ।

## न्याय मागदा झडप

**काठमाडौं/मस–** दाङको स्वर्गद्वारी गुठीपीडित मोही संघर्ष समिति र प्रहरीबीच झडप भएको छ । काठमाडौंको नयाँ बानेश्वरमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको हो ।

आइतबार बानेश्वरमा प्रदर्शन गर्न पुगेकासंघर्ष समिति र प्रहरीबीच झडप भएको हो । प्रदर्शनकारीहरूले निषेधित क्षेत्र तोड्न खोजेपछि प्रहरीले रोक्ने क्रममा झडप भएको काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले जानकारी दिए ।

झडपका क्रममा प्रहरी वृत्त सिंहदरबारका इन्चार्ज डिएसपी गंगा पौडेलको टाउकोमा चोट लागेको छ ।


**घर भाडामा चाहियो**

एक **प्रतिष्ठित** म्यानपावर कम्पनीको लागि बसुन्धारा, महाराजगंज, सामाखुशी, बाँसबारी, चण्डोल, धुम्बाराही एरियामा पार्किङ सहितको घर भाडामा चाहियो

सम्पर्कः 01-4959772, 4984190, 9851099300, 9841731945



**युएईमा रोजगार**

कम्पनीः ABSEILING MIDDLE EAST TECHNICAL SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१८ — चलानी नं.: ६०२३३८४५ — LT. No.: 319668

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 5 | 0 | स. काममा दक्ष | 1200 | ४५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः AL ASFAQ TRANSPORTING & GENERAL CONTRACTING ESTABLISHMENT — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ — चलानी नं.: ६०२२४४९४ — L.T. No.: 309922 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour Helper | 200 | 0 | स. काममा दक्ष | 800 | ३०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः AL ASFAQ TRANSPORTING & GENERAL CONTRACTING ESTABLISHMENT — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२० — चलानी नं.: ६०२२४८६९ — LT. No.: 310342 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 73 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welder | 109 | 0 | | 1200 | ४५,६४८ | | | | | | | |

कम्पनीः ALSHFAQ TRANSPORTING AND GENERAL CONTRACTING — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/१८ — चलानी नं.: ६०२१५८२० — LT. No.: 300952 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Diesel Mechanic | 20 | 0 | | 2000 | ७६,०८० | | | | | | | |
| 3. | Heavy Duty Operator | 20 | 0 | | 2000 | ७६,०८० | | | | | | | |
| 4. | Heavy Truck Driver | 20 | 0 | | 2000 | ७६,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २६ गते (10 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015


### श्री विन्दुकेशर माध्यमिक विद्यायल
म्यागङ–५, टक्सार, नुवाकोट

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८१/११/१९)

यस कार्यालयबाट आह्वान गरिएको तपशिल ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राहि देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रायोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| S. N. | Contract No. | Description of Works | Bidders Name & Address | Bid amount including VAT and PS amount (NRs) |
|---|---|---|---|---|
| 1. | MRM/NCB/W/ Bindukeshar/ 081/82/04 | Construction of Bindukeshar Secondary School's Classroom Building Block (Phase-II) | TUDI Construction, Myagang Rural Municipality Ward No. 5, Samari | 59,28,513.11 |

(प्रधानाध्यापक)

### म्यागङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८१/११/१९)

यस कार्यालयबाट आह्वान गरिएको तपशिल ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राहि देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रायोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| S. N. | Contract No. | Description of Works | Bidders Name & Address | Bid amount including VAT and PS amount (NRs) |
|---|---|---|---|---|
| 1. | MRM/NCB/W/ HP/081/82/01 | Construction of Simal Saura Health Post | TUDI Construction, Myagang Rural Municipality Ward No. 5, Samari | 47, 81,513.62 |
| 2. | MRM/NCB/W/ HP/081/82/02 | Construction of Thap Samari Health Post | TUDI Construction, Myagang Rural Municipality Ward No. 5, Samari | 1,07,82,450.58 |
| 3. | MRM/NCB/W/ ROAD/081/82/03 | Upgrading of Road from Namunkocho Tallo way to Dhading | Asmita Nirman Sewa, Tarkeshwor 01, Dangsing | 30,99,444.49 |

(प्रमुख प्रशासकीय अधिकृत)

### कटहरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८१-११-१७ गते)**

यस कार्यालयबाट आ.व. २०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाडी खरिदको सौर्य दैनिक पत्रिकामा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ विद्युतीय प्रणाली मार्फत ठेवा नं KRM/NCB/G/14/2081/2082 को बोलपत्र आव्हान भई नियमानुसार तपशिल अनुसारको बोलपत्रहरू मूल्याङ्कन समितिमा पेस हुँदा मूल्याङ्कन समितिले सो सँग सम्बन्धित सम्पूर्ण कागजातहरूको प्राविधिक, कानुनी र आर्थिक मूल्याङ्कन समेत सम्पन्न गरी श्री रोयल अटो ईन्टरप्राइजेज बिराटनगरले पेस गरेको मू.अ.कर बाहेक जम्मा रु ८०,५३,०९७.३५ अक्षरूपी असी लाख त्रिपन्न हजार सन्तानब्बे रुपैयाँ पैतिस पैसा मात्र भएको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार खरिद प्रक्रियामा भाग लिएका सबै बोलपत्रदाताहरूलाई जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | छनोट बोलपत्र | कबोल अंक भएको (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | KRM/NCB/G/14/2081/2082 | Procurement of Supply and delivery of 4–wheeler vehicle for Katahari Rural Municipality | Royal Enterprises Auto | 91,00,000.01 |

**प्रमुख प्रशासकीय अधिकृत**

*"ईन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"*

## हार्दिक श्रद्धाञ्जली एवम समवेदना



जन्म : २६ मार्च १९८५
स्वर्गारोहण : १९ फेब्रुअरी २०२५

**स्वः झबिन्द्र आचार्य**

गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारका सह-कोषाध्यक्ष, लुम्बिनी प्रदेश समन्वय परिषद कतारका उपाध्यक्ष एवम कतारका विभिन्न संघ संस्थामा आबद्ध रहनुभई सामाजिक कृयाकलापमा कृयासिल, व्यवसायी एवम सहयोगी व्यक्तित्व झबिन्द्र आचार्य ज्यूको असमायिक निधन भएको खबरले हामी स्तव्ध भएका छौं । असल मानवमा हुनुपर्ने धेरै गुण र दयालु स्वाभावका समकालिन सामाजिक यात्राका दरिलो सहयात्री, परिवारका बलियो र जिम्मेवार छानो, सबैको ढुकढुकिमा धड्किरहने धड्कन महायात्रामा विलिन हुनपुगेकोमा उहाका परिवारजनसंगै हामी पनि मर्माहित भएका छौं ।

अमर आत्माको चिर शान्तिको कामना सहित वैकुण्ठबासको लागि भगवानसंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उहांका सम्पूर्ण परिवारजन, आफन्त, शुभेच्छुक तथा इस्टमित्रहरुमा ईश्वरले शोकलाई शक्तिमा बदल्दै धैर्यधारण गर्ने क्षमता प्रदान गरुन भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रार्थी
रोशन अर्याल
का.व अध्यक्ष
एवम गण्डकी प्रदेश समन्वय परिषद कतार

## हार्दिक श्रद्धाञ्जली



**स्व. शेरबहादुर थिङ्ग**

गैर आवासीय नेपाली संघ, क्रोएसियाका संस्थापक वर्तमान अध्यक्षज्यू तथा हम्बल हन्टर्स नेपालका सि.ई.ओ आदरणीय व्यक्तित्व **श्री सुर्यबहादुर थिङ्ग (साइमन लामा)** ज्यूका पुजनीय पिता

**श्री शेरबहादुर थिङ्गज्यूको**

मिति २०८१ फागुन १७ गते ८६ वर्षको उमेरमा असामयिक निधनको खबरले हामी सम्पूर्ण **हम्बल हन्टर्स नेपाल** परिवारलाई दुखित र मर्माहित तुल्याएको छ । यस दुःखद् घडीमा उहाँ लगायत सम्पूर्ण परिवारजनमा हार्दिक समवेदनासहित धैर्यधारण गर्ने शक्ति मिलोस् । स्वर्गीय श्री शेरबहादुर थिङ्गज्यूको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

WITH DEEPEST Sympathy

On behalf of the entire team, please accept our deepest sympathies. We want to let you know that our thoughts are with you and your family. Wishing you the courage to face the days ahead and loving memories to hold in your heart forever.

HUMBLE HUNTERS
HUMBLE HUNTERS NEPAL FAMILY
License No 1709/81/82

मध्यान्ह
www.madhyanhadaily.com
१९ फागुन २०८१ सोमबार
3 March 2025, Monday

सम्पादकीय

# प्रकोपको पीर र दायित्व

सुक्खा मौसमको सिजन चल्दै गर्दा आगलागीका समाचारहरूले ठाउँ पाउन थालेका छन् । आगलागीका कारण र क्षतिबारे देशभरबाट सूचना आइरहेका हुन् । अबका केही समय आगलागी अझ बढेर जाने अनुमान लगाउन सकिन्छ । किनकि सुख्खा मौसमसँगै हावाहुरीको सिजन बिस्तारै सुरू भएको छ । सुख्खा बातावरण र हावाहुरीको मौसम हुँदा आगलागी फैलन सहयोग पुग्छ । तसर्थ फागुन–चैत विशेषतः आगलागीको डर हुने महिना हो । वर्षा र मौसमको आधारमा आगलागीको जोखिम लम्बिने या छोटिने हुन्छ । गत वर्ष तुलनात्मक रूपले सुख्खा मौसमको अवधि धेरै चल्यो भने आगलागीबाट क्षति पनि धेरै भयो । विकसित प्रविधि र विकास निर्माणका कारणले आगलागीको जोखिम घटाउनुपर्ने हो ।

तर राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आगलागीबाट भइरहेको क्षति घट्न सकेको छैन । प्राधिकरणको तथ्याङ्क अनुसार पछिल्लो पाँच वर्षमा मात्र ४२२ जनाको आगलागीमा परेर मृत्यु भएको छ । एक हजार सात सय जना बढी घाइते भएका छन् । भौतिक संरचनामा पुगेको क्षति अनुमान साढे ९ अर्ब बढी छ । आगलागीबाट सार्वजनिक तथा नीजि भवन, लत्ताकपडा, बहुमूल्य धातुदेखि मानव निर्मित संरचनाहरूमा क्षति पुग्ने गरेको छ । क्षति पुगेका परिवारलाई सरकारले सामान्य राहत उपलब्ध गराउँदै आएको छ । तर राहत रकमले क्षतिपूर्ति हुन सक्दैन । त्यसैले आगलागी नियन्त्रणबारे पूर्वतयारीबारे उत्तम विकल्प हो ।

तर आगलागीका जोखिमबाट जोगिन सर्वसाधरणमा सामान्य सूचना जारी गर्नु बाहेक अरू तयारी भइरहेको पाइदैन । सडक पुगेकै क्षेत्रहरूमा दमकलको व्यवस्थादेखि आगलागी हुन सक्ने संभाव्य संरचनाहरूबारे उचित निर्णय लिएको पाइदैन । अन्धाधुन्ध भौतिक संरचना निर्माण भइरहेका नयाँ शहरहरूमा आगलागीको जोखिमबारे कुनै ध्यान दिएको पाइदैन । जबकि जनताको जीवन र धनको रक्षा गर्ने दायित्व सरकारको हो । तर एकपटक भोट पाउन अनेक प्रलोभन देखाउन तयार हुने राजनीतिक नेतृत्वले बस्तीको दीर्घकालीन सुरक्षाबारे आवश्यक योजना समेत बनाउँदैनन् । क्षति नभएसम्म थाहा नहुने भएकाले सर्वसाधरण पनि यस्ता कुरामा धेरै चासो देखाउँदैनन् । जबकि आगलागीबाट पुगेको क्षति असाध्यै ठूलो छ । मानवीय क्षतिको चाहेर पनि राहत हुँदैन । त्यसैले आगलागीको प्रकोपबाट जोगिन बेलैमा अल्पकालीन योजना बनाउने र तीनै तहका सरकारबीच दीर्घकालीन एकीकृत परियोजना अगाडि बढाउन जरूरी छ ।

# ‘इ–गभर्नेन्स’सम्बन्धी ब्लु प्रिन्ट

*ब्लु प्रिन्टअनुसार राष्ट्रिय डाटा रणनीतिले डाटाको गुणस्तरमा सुधार, निर्बाध अन्तर संचालन सुनिश्चित गर्ने र सरकारी निकायहरूमा डाटासेटहरू एकीकृत गर्ने अपेक्षा गर्न सकिन्छ...*

अग्रलेख



● शंकरमान सिंह

डिजिटल रूपान्तरणको दिशामा अघि बढ्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको नेपाल इ-गभर्नेन्स बोर्डले हालै ‘इ-गभर्नेन्स ब्लु प्रिन्ट’ सार्वजनिक गरेको छ।

सरसरी हेर्दा इलेक्ट्रोनिक गभर्नेन्स कमिसन (गठन र संचालन) आदेश, २०७९ को धारा ७ बमोजिम खाका तयार पारिएको देखिन्छ। सन् २०२३ मा प्रधानमन्त्रीको अध्यक्षतामा बसेको इलेक्ट्रोनिक गभर्नेन्स आयोगको पहिलो बैठकले ‘इ-गभर्नेन्स ब्लु प्रिन्ट’को खाका बनाएको थियो । यसपछि सन् २०२४ मा इ-गभर्नेन्स बोर्डले संचार तथा सूचना प्रविधि मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय तथ्यांक कार्यालयलगायतका प्रमुख सरकारी निकायका प्रतिनिधि र क्षेत्रका विज्ञहरू सम्मिलित मस्यौदा परिमार्जन समिति गठन गरेको देखिन्छ।

इ-गभर्नेन्स वा विद्युतीय शासनमा सरकारी र सार्वजनिक क्षेत्र सेवाहरू सुधार गर्न इन्टरनेट, मोबाइल कम्प्युटिङ र नेटवर्कहरू जस्ता सूचना र संचार प्रविधिहरूको प्रयोग गरिन्छ। यदि सार्वजनिक जानकारीको मूल्यांकन गरियो र राम्रोसँग कार्यान्वयन गरियो भने खाकाले कागजविहीन सरकारका लागि मार्ग प्रशस्त गर्न सक्छ।

यसले डिजिटल अन्तरक्रिया र राज्य, निजी क्षेत्र र नागरिकहरूबीच बलियो सम्बन्धको सुरुवात गर्छ । इ-गभर्नेन्स वा विद्युतीय शासन भन्नाले सार्वजनिक सेवाहरूको वितरण बढाउन, नागरिकहरूसँग संचार सुधार गर्न तथा पारदर्शिता र जबाफदेहिता प्रवर्द्धन गर्न सरकारी निकायहरूद्वारा डिजिटल प्रविधि र इन्टरनेटको प्रयोगलाई जनाउँछ।

नेपालको डिजिटल पूर्वाधारलाई सुदृढ गर्न धेरै संस्थाहरू स्थापना गर्ने कुरा हालैको खाकाले प्रस्ताव गरेको छ। यद्यपि, यो लागू गर्नुपर्ने सन्दर्भ भने धेरै ढिलो भइसकेको छ। यसको अनुभूति संसद्ले गर्नुपर्‍यो। सूचना प्रविधि विभागले आईसीटी विकासलाई नियमन र प्रवर्द्धन गर्न केन्द्रीय भूमिका खेल्ने छ, जबकि डाटा संरक्षण प्राधिकरणले व्यक्तिगत र सार्वजनिक डाटा दुवैको सुरक्षामा ध्यान दिने छ भन्ने कुरा उल्लेख छ।

इ-गभर्नेन्स भन्नाले सरकारी सेवाहरू प्रदान गर्न, नागरिकहरूलाई संलग्न गराउन र सरकारी कार्यहरूको दक्षता र पारदर्शिता बढाउन, सूचना र संचार प्रविधिको प्रयोगलाई जनाउँछ। यसले सरकार र नागरिकहरू, व्यवसायहरू र अन्य सरोकारवालाहरूबीचको अन्तरक्रियालाई सहज बनाउने अनुप्रयोगहरू र उपकरणहरूको दायरालाई समेट्छ।

**नेपालमा इ–गभर्नेन्सको सम्भावना**

प्रक्रियाहरू सुव्यवस्थित गर्न र कागजी कार्यहरू कम गर्नाले छिटो सेवा वितरण र कम लागतको अवस्था बन्छ। नागरिकहरूले सरकारी सेवाहरू अनलाइनमार्फत लिन सक्छन्। यसले दुर्गम क्षेत्रहरूमा वा गतिशीलताका समस्याहरू भएकाहरूलाई सरकारसँग संलग्न हुन सजिलो बनाउँछ । इ-गभर्नेन्सले सरकारी प्रक्रियाहरूलाई थप पारदर्शी र जबाफदेही बनाएर भ्रष्टाचार घटाउन सक्छ। यसले नागरिकहरूलाई सरकारी कार्यहरू र खर्चहरू ट्र्याक गर्न अनुमति दिन्छ।

डिजिटल प्लेटफर्महरूले नागरिक र सरकारबीच राम्रो संचार गर्छन्। प्रतिक्रियाका लागि अनुमति दिन्छन्। निर्णय लिनेमा सहभागिता र नागरिक संलग्नता बढ्छ। सरकारले नीतिगत निर्णयहरू सूचित गर्न र सेवाहरू सुधार गर्न इ-गभर्नेन्स प्लेटफर्महरूमार्फत संकलन गरिएको डाटा विश्लेषण गर्न सक्छ। सबै नागरिकहरूसँग प्रविधि र इन्टरनेटमा समान पहुँच छैन, जसले सेवा प्रवाहमा असमानता बढाउन सक्छ।

**साइबर सुरक्षा जोखिम**

डिजिटल प्लेटफर्महरूमा बढ्दो निर्भरताले डाटा उल्लंघन, ह्याकिङ र संवेदनशील जानकारीको समग्र सुरक्षाका बारेमा भने चिन्ता बढाउँछ । हुन पनि केही सरकारी कर्मचारी र नागरिकहरू नयाँ प्रविधिहरू अपनाउन पूर्ण सक्षम छैनन्, जसले कार्यान्वयनमा चुनौतीहरू निम्त्याउँछ । यसमा उचित सचेतना अभियानको खाँचो छ । व्यक्तिगत डाटाको संकलन र भण्डारणले गोपनीयताका समस्याहरू र जानकारीको सम्भावित दुरुपयोग निम्त्याउन सक्छ।



*डिजिटल प्लेटफर्महरूमा बढ्दो निर्भरताले डाटा उल्लंघन, ह्याकिङ र संवेदनशील जानकारीको समग्र सुरक्षाका बारेमा भने चिन्ता बढाउँछ । हुन पनि केही सरकारी कर्मचारी र नागरिकहरू नयाँ प्रविधिहरू अपनाउन पूर्ण सक्षम छैनन्, जसले कार्यान्वयनमा चुनौतीहरू निम्त्याउँछ । यसमा उचित सचेतना अभियानको खाँचो छ...*

**सुव्यवस्थापन**

यसको प्रयोगसँगै सरकारदेखि सरकारसम्मका प्रक्रियाहरू सुव्यवस्थित गर्न र जानकारी साझा गर्न सहयोग पुग्छ। सरकारदेखि कर्मचारीसम्म तलब, लाभ व्यवस्थापन र प्रशिक्षणसहित सरकारी कर्मचारीहरूलाई प्रदान गरिएको सेवा र जानकारी दिन्छ। इ-गभर्नेन्समा सार्वजनिक प्रशासनलाई रूपान्तरण गर्ने र सरकार र नागरिकबीचको सम्बन्धलाई सुमधुर बनाउने क्षमता छ।

यद्यपि, यसका सीमितताहरूलाई सम्बोधन गर्नु महत्त्वपूर्ण छ कि सबै नागरिकहरूले प्रविधिमा यी प्रगतिहरूबाट लाभान्वित हुन्छन् । नोकरशाहीको अक्षमता घटाएर प्रविधिमा आधारित सुशासनको नयाँ युगको सुरुवात हुने अपेक्षा गर्न सकिन्छ । अन्तर्राष्ट्रिय मापदण्डको तुलनामा हामी धेरै पछाडि छौं ।

इ-गभर्नेन्स खाका ७ प्रमुख स्तम्भहरू वरिपरि संरचित छ । प्रत्येक डिजिटल रूपान्तरणमा विद्यमान चुनौतीहरूलाई सम्बोधन गर्न डिजाइन गरिएको छ । यसमा डिजिटल शासनका लागि स्पष्ट शासन ढाँचा समावेश छ, जसले कानुनी र नियामक फ्रेमवर्क र डिजिटल प्रमोटरहरूको निरन्तर विकास, डिजिटल साक्षरता र सीप विकास, डिजिटल मानकहरू, दिशा निर्देशहरूको निर्माण र कार्यान्वयन, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग सुदृढ र नवाचार तथा अनुसन्धान र विकास गर्ने लक्ष्य राखेको छ ।

नेपालको डिजिटल पूर्वाधारलाई सुदृढ गर्नका लागि धेरै संस्थाहरू स्थापना गर्ने प्रस्ताव गरिएको छ । सूचना प्रविधि विभागले आईसीटी विकासलाई नियमन र प्रवर्द्धन गर्न केन्द्रीय भूमिका खेल्ने छ, जबकि डाटा संरक्षण प्राधिकरणले व्यक्तिगत र सार्वजनिक डाटा दुवैको सुरक्षामा ध्यान दिने छ ।

यसले समानान्तर रूपमा राष्ट्रिय साइबर अनुसन्धान र प्रशिक्षण केन्द्रले साइबर सुरक्षामा मानव संसाधन क्षमताहरू बढाउन काम गर्ने छ, जहाँ राष्ट्रिय साइबर सुरक्षा केन्द्रलाई डिजिटल क्षेत्रमा राष्ट्रिय सुरक्षा सुनिश्चित गर्न साइबर खतराहरूको अनुगमन र डिजिटल फोरेन्सिक संचालन गर्ने जिम्मेवारी दिइने भनिएको छ ।

डाटा सुरक्षा कानुनको अभाव र डाटा सुरक्षा अनुपालन लागू गर्न समर्पित नियामक प्राधिकरण लामो समयदेखि अन्तर्राष्ट्रिय ग्राहकहरूसँग काम गर्दा आईटी फर्महरूका लागि चुनौती बनेको छ।

ब्लु प्रिन्टअनुसार राष्ट्रिय डाटा रणनीतिले डाटाको गुणस्तरमा सुधार, निर्बाध अन्तरसंचालन सुनिश्चित गर्ने र सरकारी निकायहरूमा डाटा सेटहरू एकीकृत गर्ने अपेक्षा गर्न सकिन्छ। आगामी ३ वर्षका केही प्रमुख योजनाहरूमा इ-गभर्नेन्स ऐनको मस्यौदा तयार गर्ने, सूचना प्रविधि विभागको पुनर्संरचना गर्ने र डाटा एक्सचेन्ज प्लेटफर्म स्थापना गर्ने समावेश छन् ।

नेपालले ‘डिजिटल नेपाल’को परिकल्पनालाई गम्भीरतापूर्वक लिएको देखाउँछ । इ-गभर्नेन्स भनेको सरकार र नागरिकबिचको मध्यस्थताबाहेक केही होइन। यो सरकारले दक्षता, सेवा विस्तारमा सुधार गर्न आधुनिक प्रविधिको दायराको प्रयोग हो ।

इन्टरनेट र डिजिटलाइजेसनको द्रुत वृद्धिका कारण विश्वभरका सरकारहरूले सबै सरकारी प्रक्रियाहरूमा आईटीलाई समावेश गर्न कदम चालिरहेका छन् । यो इ-गभर्नेन्सको अवधारणा हो, जसले सरकारी प्रशासनलाई एक छिटो र अधिक पारदर्शी प्रक्रियामा लैजान्छ ।

यसले ठूलो लागत बचत गर्न पनि मदत गर्दछ । सरकारी सेवाहरू प्रदान गर्न, सूचनाको आदानप्रदान, लेनदेन, विगतमा अवस्थित सेवाहरू र सूचना पोर्टलहरूको एकीकरण गर्न संचार र सूचना प्रविधिको प्रयोगलाई इ-गभर्नेन्सको रूपमा परिभाषित गर्न सकिन्छ। यसले सम्पूर्ण प्रशासनिक प्रक्रियालाई सहज, प्रभावकारी, पारदर्शी, पूर्ण जबाफदेही र जिम्मेवार बनाउँछ ।

## इतिहासमा आज

३ मार्च १८२० मा हेनरी क्लेले मिसौरी सम्झौता पारित गर्न मदत गरे, जसले पछि दासत्वको मुद्दामा संयुक्त राज्य अमेरिकालाई विभाजित गर्‍यो ।



३ मार्च १९२३ मा अमेरिकी साप्ताहिक समाचार पत्रिका ‘टाइम’को पहिलो अंक प्रकाशन भएको थियो ।




३ मार्च १९३४ मा अमेरिकी बैंक लुटेरा जोन डिलिंगर इन्डियानाको क्राउन प्वाइन्टमा रहेको जेलबाट भागे ।




३ मार्च १९७४ मा फ्रान्सको पेरिस नजिकै टर्किस एयरलाइन्सको जेट दुर्घटना हुँदा ३०० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो ।



# सरकारी सेवामा प्रविधिको भूमिका

विचार



● अपूर्व नेपाल

*सरकारी सेवामा प्रविधिको प्रभावकारी कार्यान्वयनका लागि जनशक्ति विकास, पूर्वाधार विस्तार र साइबर सुरक्षामा लगानी बढाउनु आवश्यक छ । साथै, नागरिकलाई डिजिटल साक्षरताबारे सचेत गराउने कार्यक्रम संचालन गर्न जरुरी छ...*

प्रविधिको विकासले हरेक क्षेत्रमा व्यापक परिवर्तन ल्याएको छ । नेपालको सरकारी सेवा पनि यसबाट अछुतो छैन । सूचना प्रविधिको प्रयोगले सरकारी सेवाको गुणस्तर, पहुँच र पारदर्शितामा महत्त्वपूर्ण सुधार गरेको छ। प्रविधि अपनाउने क्रमले सेवा प्रवाहलाई सहज, द्रुत र प्रभावकारी बनाउँदै नागरिकको जीवनमा सकारात्मक प्रभाव पारेको छ।

नेपालमा इ-गभर्नेन्सको अवधारणा विशेषतः स्थानीय तहदेखि केन्द्र सरकारसम्म सेवा प्रवाहलाई डिजिटल माध्यमबाट प्रदान गर्ने उद्देश्यले विकास गरिएको हो । यसले कागजी झन्झटलाई कम गर्दै सेवाग्राहीलाई छिटो र प्रभावकारी सेवा प्रदान गर्ने अवसर सिर्जना गरेको छ। डिजिटल सेवा प्रणालीबाट सेवा लिने प्रक्रिया सजिलो मात्र नभई सेवामा हुने ढिलासुस्ती र अनियमितता नियन्त्रणमा पनि मदत पुगेको छ।

प्रविधिको प्रयोगले नागरिकता प्रमाणपत्र, पासपोर्ट, जग्गा धनी प्रमाण पुर्जा जस्ता सेवा अब अनलाइन आवेदनमार्फत उपलब्ध हुन थालेका छन्। यसले सेवाग्राहीलाई सरकारी कार्यालयमा पटकपटक धाउनुपर्ने झन्झट कम गराएको छ। यसैगरी, सरकारी वेबपोर्टल, मोबाइल एप्स र एसएमएस सेवाको माध्यमबाट विभिन्न सूचना र सेवाबारे जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ।

प्रविधिले वित्तीय सेवा क्षेत्रमा पनि प्रभाव पार्दै आएको छ। विद्युतीय भुक्तानी प्रणालीले कर भुक्तानी, सामाजिक सुरक्षा भत्ता वितरण, अनुदान तथा सरकारी सेवा शुल्क भुक्तानीलाई सरल बनाएको छ । यसले भ्रष्टाचार न्यूनीकरणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ।

बैंक तथा वित्तीय संस्थामार्फत नगदरहित कारोबार बढ्दै गएको छ, जसले वित्तीय पारदर्शिता सुनिश्चित गर्न सहयोग पुर्‍याएको छ।

प्रविधि प्रयोगसँगै सरकारी कार्यालयमा सूचना व्यवस्थापन प्रणालीसमेत लागू गरिएको छ। डिजिटल अभिलेख व्यवस्थापन प्रणालीले सरकारी कागजात सुरक्षित राख्न मदत पुर्‍याएको छ। यसले अभिलेखको खोजी, संरक्षण र व्यवस्थापनलाई व्यवस्थित र भरपर्दो बनाएको छ। प्रविधि अपनाउने क्रमले सेवा प्रवाहमा पारदर्शिता बढाएको छ । अनलाइन प्रणालीमार्फत सेवाग्राहीले आफ्नो निवेदनको अवस्था थाहा पाउन सक्छन्। यसले काममा हुने ढिलासुस्ती र सेवामा हुने अनियमितता नियन्त्रणमा मदत पुर्‍याएको छ। नागरिक गुनासो व्यवस्थापन प्रणालीले सेवाग्राहीका गुनासा दर्ता र समाधान प्रक्रियामा पारदर्शिता ल्याएको छ।

यद्यपि, प्रविधि अपनाउने क्रममा केही चुनौतीहरू पनि देखिएका छन्। ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँचको अभाव, डिजिटल साक्षरताको कमी र पर्याप्त जनशक्ति अभावले प्रविधि प्रयोगलाई सीमित बनाएको छ। साथै, साइबर सुरक्षाको जोखिम पनि एउटा महत्त्वपूर्ण चुनौतीका रूपमा देखिएको छ । सरकारी प्रणालीमा सूचना चुहावट तथा ह्याकिङको जोखिम न्यूनीकरण गर्न सुरक्षित साइबर सुरक्षा संरचना आवश्यक छ।

सरकारी सेवामा प्रविधिको प्रभावकारी कार्यान्वयनका लागि जनशक्ति विकास, पूर्वाधार विस्तार र साइबर सुरक्षामा लगानी बढाउनु आवश्यक छ । साथै, नागरिकलाई डिजिटल साक्षरताबारे सचेत गराउने कार्यक्रम संचालन गर्न जरुरी छ । प्रविधि प्रयोगमा समान पहुँच सुनिश्चित गर्दै सबै क्षेत्र र समुदायलाई डिजिटल सेवा प्रणालीमा समावेश गर्नु आवश्यक छ। समग्रमा, प्रविधिले सरकारी सेवामा गुणात्मक सुधार ल्याएको छ। यसले सेवाग्राहीलाई सरल, छिटो र पारदर्शी सेवा प्राप्त गर्न मदत पुर्‍याएको छ।

प्रविधि अपनाउने क्रममा देखिएका चुनौतीहरू समाधान गर्न सकेमा सरकारी सेवा अझ प्रभावकारी, जनमुखी र पारदर्शी बन्न सक्छ । प्रविधिमा आधारित सरकारी सेवा प्रवाहले सुशासन, पारदर्शिता र समावेशितामा महत्त्वपूर्ण योगदान पुर्‍याउने निश्चित छ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

उनीहरू एउटाको भागमा संविधानसभा, एउटाको भागमा संघीयता, एउटाको भागमा गणतन्त्र, एउटाको भागमा संविधान निर्माण, एउटाको भागमा धर्मनिरपेक्ष, एउटाको भागमा प्रदेश, एउटाको भागमा समानुपातिक बाँडफाँट गर्दा सबैलाई बराबर भाग पुगेकै त रहेछ । यो हाम्रो कारणबाट भन्नै पर्दैन, सबैले हो त !



**कृष्ण अर्याल**

नेपालमा संघीयता कार्यान्वयन भएन, प्रशासनिक विकेन्द्रीकरणमै तीव्रता दिनुपर्‍यो भनिँदै छ ! उता, विश्वका शक्तिशालीहरू यहाँ धेरै देश भए हामीलाई दादागिरी व्यवस्थापन गर्न गाह्रो भयो, नजिकका कमजोर छिमेकीको अस्तित्व मेटाइदिऊँ भनी आन्तरिक समझदारी गर्दै छन् । यो रोग दक्षिण एसियामा आउन धेरै दिन लाग्दैन ।



**मिलन पाण्डे**

केपी ओली सरकारले बालेनलाई इन्तु परन्तु केही नभनी सहयोग गर्नुको विकल्प छैन । बाटो छेकेमा बालेन झन् बलियो बन्ने छन् अनि पुराना नेता झन् कमजोर । हामी पनि २०८४ अघि नै बालेनको मेयरका रूपमा पूर्ण क्षमता हेर्न चाहन्छौं। त्यसैले, अहिलेलाई कुनै अवरोधबिना बालेनलाई काम गर्न दिनुमा नै सबैको हित हुने छ । अझ बढी हित त यी पुराना नेताहरूकै हुने छ ।



**निर्मल प्रसाईं**

अमेरिकाको हेपाहा व्यवहार हेर्न नसकेर सबै युरोपियन मुलुकहरू जेलेन्स्कीको पक्षमा उभिए। नेपालमा नाकाबन्दी हुँदा आफ्नै देशका नेताहरू मुलुकको पक्षमा उभिएनन्, नाकाबन्दी हो भन्न सकेनन्, महिनौं नाकाबन्दी हुँदा अन्तर्राष्ट्रिय मञ्चमा कुरा लान सकेनन् । भाइ फुट्दा जनताले दुःख पाएका थिए ।

# निर्माण व्यवसायीमैत्री कानुन निर्माणको माग




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतह, १८ फागुन

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीमैत्री आर्थिक कानुन बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

निर्माण व्यवसायी संघ रौतहटको ८औं साधारण सभामा बोल्दै प्रमुख अतिथि सिंहले आर्थिक ऐन नियमावली निर्माण व्यवसायीमैत्री नहुँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आलोचित हुनु परेको बताए ।

निर्माण व्यवसायीलाई पेशाबाट पलायन हुनबाट बचाउन हालसालै सिमेन्टको मूल्य वृद्धि रोक्नुपर्ने, निर्माण व्यवसायीमैत्री खरिद कानुनमा संशोधन गर्नुपर्नेमा सरकारसँग छलफल भएको जानकारी गराए । निर्माणमैत्री कानुन नहुँदा ठेकदार आफैमा लडेर सखाप हुन लागेको उनले बताए । निर्माण व्यवसायी महासंघ रौतहटका अध्यक्ष कृष्णदेव यादवको अध्यक्षतामा भएको साधारण सभामा मधेश प्रदेश सभाका सांसद तथा निर्माण व्यवसायी संघ रौतहटका पूर्वअध्यक्ष नागेन्द्र साह, महासंघका महासचिव रोशन दाहाल, सहमहासचिव शिवहरी घिमिरे, सह-कोषाध्यक्ष सन्तोष साह लगायतले मन्तव्य राख्दै राष्ट्र निर्माणमा निर्माण व्यवसायीको ठूलो भूमिका रहेको बताएका थिए ।

# 'युनिक छात्रवृत्ति' वितरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ फागुन

बर्दियाको गेरुवा गाउँपालिका र राजापुर नगरपालिकाका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई ६ लाख ५० हजार रुपैयाँको 'युनिक छात्रवृत्ति' वितरण गरिएको छ ।

युनिक नेपालले गेरुवा गाउँपालिका र राजापुर नगरपालिकामा रहेका माध्यमिक तहका १४ वटा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ देखि १२ कक्षासम्म अध्ययनरत ७७ जना विद्यार्थीहरुलाई छात्रवृत्ति रकम वितरण गरेको हो । कार्यक्रममा २७ जना विद्यार्थीलाई जनही १० हजार रुपैयाँकादरले दिर्घकालिन छात्रवृत्ति र ५० जना विद्यार्थीलाई जनही ७ हजारका दरले अल्पकालिन छात्रवृत्ति प्रदान गरिएको छ ।

'युनिक छात्रवृत्ति' अन्तर्गत दिर्घकालिन छात्रवृत्ति सामुदायिक विद्यालयमा कक्षा ८मा अध्ययनरत विद्यार्थीहरुलाई ५ वर्षसम्म र अल्पकालिन छात्रवृत्ति ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई एक वर्षको लागि निर्देशिका बमोजिम विद्यार्थीहरुको आवेदन संकलन गरी छनोट समितिले गरेको निर्णय अनुसार प्रदान गरिएको हो ।

छात्रवृत्ति रकमको चेक युनिक नेपालका संरक्षक तथा पूर्व भूमिसुधार मन्त्री डा. गोपाल दहित लगायत गेरुवा गाउँपालिका तथा राजापुर नगरपालिकाका वडा अध्यक्षहरुले एक कार्यक्रमकाबीच छात्रछात्राहरुलाई हस्तान्तरण गरे । राजापुर नगरपालिकाको वडा नं. २ जोतपुरमा केन्द्रीय कार्यालय रहेको युनिक नेपालले उच्च शिक्षा हासिल गर्नका लागि युनिक छात्रवृत्ति लागु गरी प्रत्येक वर्ष छात्रवृत्ति वितरण गर्दै आएको छ । यसबाट विपन्न अवस्थामा रहेका नागरिकका बालबालिकाहरुलाई उच्च शिक्षा हासिल गर्न सहज भएको छ ।

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१९**

यस सा.व.उ.स को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई जोरायल गा.पा. ३ चनकट्टे घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान **१२०** को **१५३०.४६** क्युफिट सल्लो जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बेताल सा.व.उ.स जोरायल गाँउपालिका वडानं. ३, डोटी**

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१९**

यस सा.व.उ.स को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई जोरायल गा.पा.३ सेला घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान **८६** को **१४४२.५९** क्युफिट सल्लो जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चेडेमसानी सा.व.उ.स जोरायल गाँउपालिका वडानं. ३, डोटी**

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१९**

यस सा.व.उ.स को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई जोरायल गा.पा.३ गडाखर्क घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान **५००** को **६००९.९०** क्युफिट सल्लो जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जन सा.व.उ.स जोरायल गाँउपालिका वडानं. ३, गडाखर्क, डोटी**

**UAE मा रोजगार** Company : FIBREX CONTRACTING

पूर्व स्वीकृती मिति: २०८१/११/१८ चलानी नं. ६०२३३७६७ LT No.: 319480

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Aluminium Fabricator | 200 | [illegible] | 1200 | ४५,८००/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

अन्तरवार्ता २०८१ फागुन २६ गते (10 March, 2025) गते यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौंमा हुनेछ ।

PREMIUM HR
**Premium Human Resource Pvt. Ltd.**
Govt. Lic. No. 1631/080/081
Samakhusi-3, Kathmandu, Tel : 01-5917815, 5917814, 9801080183, 9801029663
9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096
Email: hr@premiumhr.com.np Web: www.premiumhr.com.np

**UAE मा रोजगार** Harvard Contracting Llc

पूर्व स्वीकृती मिति: २०८१/११/१९ चलानी नं.: ६०२३३८४० LT No. 319696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Brick Layer | 10 | 0 | [illegible] | 1400 | ५३,५००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | [illegible] |
| २. | Building Worker/Labour | 10 | 0 | | 1200 | ४५,८००/- | | | | | | | |
| ३. | Construcion Carpenter Assistant | 5 | 0 | | 1200 | ४५,८००/- | | | | | | | |
| ४. | Reinforcing Fitter Assistant | 5 | 0 | | 1200 | ४५,८००/- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन २६ गते (10 March, 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

**GOLDEN CROWN OVERSEAS PVT. LTD.**
Lic NO.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel 01-5922362
9851094766, Janakpur : 9801003970, 9801003971, Butwal: 9851087916
Email : goldencrown514@gmail.com, Web : gcopl.com

# Katahari Rural Municipality
# Office of the Rural Municipal Executive
**Katahari, Morang**

## Invitation for Bids

**Date of publication: 3rd Mar, 2025**

Katahari Rural Municipality, Katahari, Morang invites electronic bids from Nepalese eligible bidders for the followingWorks under National Competitive Bidding (NCB) Single Stage Envelope System Bidding Procedure.Bidders may obtain further information from the PPMO web portal website:www.bolpatra.gov.np/egp with Public Entity Name: Katahari Rural Municipality, Katahari, Morang .

| Contract Id | Description of Work | Estimated Amount (Rs.) (With VAT& PS) | Bid Security Amount (Rs.) | Cost of bidding document (Rs.) | Deadline for Bid Submission | Deadline for Bid Opening |
|---|---|---|---|---|---|---|
| KRM/NCB/W/18/081/082 | Samudayik Sarpadansa Tatha Prathmik Upchar Kendra Purbadhar Nirman, Katahari-06 | 3011114.89 | 75000 | 3000 | 12:00 P.m 2nd Apr, 2025 | 14:00 P.m 2nd Apr, 2025 |

**Chief Administrative Officer**

**Province Government**
**Ministry Of Physical Infrastructure Development**
# Urban Development and Building Office
**Morang, Biratnagar**
**Koshi Province, Nepal**

## INVITATION FOR BID

**Date of publication : 3rd Mar, 2025 (2081/11/19)**

Urban Development and Building Office, Morang invites E-Bid From Eligible bidder's for following works under National competitive bidding (NCB) ,Single Stage Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp with Public EntityName:- UDBO,Morang and website http://udbomorang.p1.gov.np/

| S. N. | IFB/RFP/EOI/PQ No. | Project Title | Estimated Amount in Rs. (Exclusive of VAT and Contingencies) | Bid Security fee (Rs.) |
|---|---|---|---|---|
| 1 | UDBO/Morang/NCB/Works/69-2081/82 | Construction of Fulbari Yayokha Road, Biratnagar-1, Morang | 1375478.40 | 40000.00 |
| 2 | UDBO/Morang/NCB/Works/70-2081/82 | Upgradation of Sahid Marga-Ward office North, Patharishanishchare-7 | 1712391.95 | 50000.00 |
| 3 | UDBO/Morang/NCB/Works/71-2081/82 | Upgradation of Dadagau to Ward-7 Mirmire Road Section, Patharishanishchare-7 | 1712391.95 | 50000.00 |
| 4 | UDBO/Morang/NCB/Works/72-2081/82 | Upgradation of Kritipur Road, Patharishanishchare-4 | 1284679.99 | 40000.00 |
| 5 | UDBO/Morang/NCB/Works/73-2081/82 | Upgradation of Lichidada-Kalapani-Kandara Road Section, Pathrishanishchare-2 | 1712140.54 | 50000.00 |
| 6 | UDBO/Morang/NCB/Works/74-2081/82 | Upgradation of Bajrangbali Chowk West North Road, Biratnagar-15 | 1285997.74 | 40000.00 |
| 7 | UDBO/Morang/NCB/Works/75-2081/82 | Construction of jesta Nagrik Aaram Chautari Bhawan, Ratuwamai-10 | 2140195.82 | 65000.00 |
| 8 | UDBO/Morang/NCB/Works/76-2081/82 | Construction of culvert from East of Dangihaat Bajar to Ghaiti khola,Belbari-9, Morang | 1711633.71 | 50000.00 |
| 9 | UDBO/Morang/NCB/Works/77-2081/82 | Upgradation of Himalaya Mill Road, Biratnagar-17 | 1712477.81 | 50000.00 |
| 10 | UDBO/Morang/NCB/Works/78-2081/82 | Upgradation of Fadani Thana to East Canal, Biratnagar-18 | 1284951.65 | 40000.00 |
| 11 | UDBO/Morang/NCB/Works/79-2081/82 | Upgradation of Nabadurga Marga Urlabari-7, Morang | 1713505.06 | 50000.00 |
| 12 | UDBO/Morang/NCB/Works/80-2081/82 | Upgradation of Ram Janki to South Krishna Mandir Road, Belbari-8 | 1284692.55 | 40000.00 |
| 13 | UDBO/Morang/NCB/Works/81-2081/82 | Construction of Long-term Rehabilitation Home Truss Building, Biratnagar | 1712450.46 | 50000.00 |
| 14 | UDBO/Morang/NCB/Works/82-2081/82 | Upgradation of Kanchanbari Chowk East Shanti Tole Road, Biratnagar-3 | 1285636.39 | 40000.00 |
| 15 | UDBO/Morang/NCB/Works/83-2081/82 | Construction of Truck Parking & Sanitary Work, Budhiganga-2 | 17109338.01 | 500000.00 |
| 16 | UDBO/Morang/NCB/Works/84-2081/82 | Upgradation of Anaam Chowk to Narbaari Chowk Road, Belbari 10 | 1284865.22 | 40000.00 |
| 17 | UDBO/Morang/NCB/Works/85-2081/82 | Construction of Kadmaha Nocha Asphalt Road, Dhanpal-07, Morang | 4281307.21 | 125000.00 |
| 18 | UDBO/Morang/NCB/Works/086-2081/82 | Construction of Asphalt Road Patharisanischre-08,09 at Different places | 5139197.73 | 150000.00 |
| 19 | UDBO/Morang/NCB/Works/87-2081/82 | Construction of Barmhakumari Rajyog Sewa Kendra building,Dhanpalthan-4, Karsiya | 1713411.31 | 50000.00 |
| 20 | UDBO/Morang/NCB/Works/88-2081/82 | Construction of Sahid Laxmi Fuyal Smriti Pratishthan Building, Kanepokhari-5 | 1712206.16 | 50000.00 |
| 21 | UDBO/Morang/NCB/Works/89-2081/82 | Construction of Durga Secondary School Building, Patharisanishchre-7 | 1712332.61 | 50000.00 |
| 22 | UDBO/Morang/NCB/Works/90-2081/82 | Construction of Maulibari Baisnabi Devi Temple Community Building, Patharisanischare-5 | 1712535.52 | 50000.00 |
| 23 | UDBO/Morang/NCB/Works/91-2081/82 | Construction of Building and Interlocking Work at Hasandah Health Post, Patharisanishchre-5,Morang | 1711899.43 | 50000.00 |
| 24 | UDBO/Morang/NCB/Works/92-2081/82 | Construction of Singhadevi Baragi Ramite Road, Kerabari-2 | 1711324.09 | 50000.00 |

Last Date of Bid Submission for NCB: - 02-Apr-2025 , (2081/12/20) (Time 12:00 PM)
Last Date of Bid Opening for NCB: - 02-Apr-2025, (2081/12/20) (Time 01:00 PM)
Bid validity/Bid security Validity: - 90 days/120 days after last date of bid submission.
Bid document fee: - Nrs. 3000

# सुपादेउराली मन्दिर खर्च विवरण : प्रजिअले नै उठाए प्रश्न

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ फागुन



अर्घाखाँचीको प्रसिद्ध सुपादेउराली मन्दिरमा एक वर्षमा एक करोड ७९ लाख ११ हजार ८ सय ५३ आम्दानी भएको देखिएको छ । तर सुपादेउराली मन्दिरको खर्च विवरण सही ढंगले पारदर्शी नआएको भन्दै प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले नै खर्चको विवरणमा प्रश्न उठाएपछि अहिले मन्दिरको भेटीमा अनियमितता भएको आशंका गर्दै चौतर्फी प्रश्न चिन्ह खडा भएको छ ।

खर्च विवरणमा मन्दिर परिसर निर्माणदेखि विभिन्न विद्यालय मठ मन्दिरलाई दिएको चन्दामा समेत प्रमुख जिल्ला अधिकारी अर्यालले प्रश्न उठाएपछि भेटीमै पारदर्शिताको विषय उठेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को आम्दानी भेटीबाट उठेको रकम एक करोड ४९ लाख ११ हजार ८ सय ५३ रुपैँया र अक्षकोषमा परिणत गरिएको भेटीको रकम ३० लाख रहेको मन्दिर व्यवस्थापन समितिले १३औं साधारण सभाबाट जानकारी गराउँदै प्रतिवेदन सार्वजनिक गरेपछि कार्यक्रमका प्रमुख अतिथि रहेका मुख्यमन्त्री चेतनारायण आचार्यले समेत मन्दिरको रकम खर्च प्रक्रियाका बारेमा चासो व्यक्त गर्दै मन्दिरको पैसा विद्यालय संचालन तथा अन्य अनावश्यक चन्दामा खर्च नगरी मन्दिरको पैसा यसैको स्तरोन्नत्ती मन्दिर सरसफाइमा लगाउनुपर्ने बताउँदै चन्दा दिने सही ढंगले हिसाब नराख्ने परिपाटी अन्त्य गर्न मन्दिर व्यवस्थापन समितिलाई निर्देशन दिएका थिए । तर मन्दिर व्यवस्थापन समितिले गर्ने खर्चको विवरण सही तरिकाले बाहिर नआएको अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी अर्यालले प्रश्न उठाएपछि अतिथि सबैले मन्दिरका विषयमा प्रश्न उठाएका हुन् ।

आदर्श माध्यमिक विद्यालय खाँचिकोट, शान्ति आधारभूत विद्यालय, सीता आधारभूत विद्यालयलगायतका विद्यालयमा शिक्षकको तलब भनेर वार्षिक २२ लाख ८६ हजार ४ सय १४ रुपैयाँ खर्च गरेको साधारण सभामा प्रतिवेदन लेखा प्रतिवेदन आएपछि सरकारी अधिकारी जिल्लाका जनप्रतिनिधिले नै यस विषयमा असन्तुष्टी व्यक्त गरेका थिए । यस विषयमा लुम्बिनी प्रदेशका मुख्य मन्त्री आचार्यले शिक्षकलाई मन्दिरको भेटीबाट तलब दिने नभएर नगरपालिका प्रदेश सरकार संघीय सरकारले यसको व्यवस्थापन गर्ने भन्दै यस्तो कार्य तत्काल रोक्न निर्देशन दिएका थिए ।

विशेष गरी सानो मन्दिरलाई आफ्नो निजी लगानीमा एक करोड भन्दा बढी खर्च गरी मन्दिर निर्माण गर्ने मन्दिरको देश विदेशमा मात्र नभएर विश्वमा समेत चिनाइदिने स्वर्गीय नरनारायण बाबाको शालिक निर्माणमा ७० हजार खर्च भएको देखाएपनि अझैसम्म उनको सालिक नराखेको भन्दै स्थानीयले नै विरोध गरेका छन् ।

मन्दिरमा २०७८ देखि ८१ माघसम्म ६६ तोला ९८ पायन्ट सुन र १ सय ५६ तोला चाँदी जम्मा भएको प्रतिवेदनमा उल्लेख छ ।

मन्दिरले धार्मिक संघसंस्थालाई २९ लाख ८९ हजार ७६, विविध खर्च ४२ लाख ७ हजार ६ सय ७ रुपैयाँ, यातायात २ लाख ४ हजार मन्दिर व्यवस्थापन र पारिश्रमिकमा २० लाख बढी खर्च लगायतका खर्चको विवरण प्रष्टसँग नखुलाई साधारण सभामा पेस गरेपछि यसमा प्रश्न चिन्न खडा भएको हो । मन्दिर व्यवस्थापन समितिले दर्शन गर्न सहज बनाउन संरचना ठूलोदेखि सामाजिक क्षेत्रमा गरेका काम सकारात्मक भएपनि आर्थिक विषयमा जिम्मेवारी नदेखाएको शीतगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेलले बताए ।


## जापानमा रोजगार — WATO KORYU COOPERATIVE SOCIETY

पुर्व स्वीकृती मितिः २०८१/११/१९ | चलानी नं. ६०२३३८३२ | LT No.: 319659

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction | 2 | कामम दक्ष | 210000 | १,९५,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उतीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८१/११/२६ गते (10 March, 2025) हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस । ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसँग राख्नुहोस । ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोनः ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"

## UAE मा रोजगारको अवसर

Company: RELIANCE ELECTROMECHANICAL & PLUMBING CONTRACTING LLC, UAE, UM RAMOOL DUBAI

पुर्व स्वीकृती मिति: २०८१/११/१८ | LT. No.: 319690

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER | 25 | 00 | 800 | ३०,४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बीमा | हवाई टिकट | भिसा शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | निःशुल्क | निःशुल्क |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट निम्न स्थान र मितिमा हुनेछ ।
Need Office मेनपावरको कार्यालय धापासीमा २०८१ फागुन २६ र २७ गते (10 & 11 March, 2024) का दिन हुनेछ

**Need Employment Services (P.) Ltd.** Ultimate Solution
Lic No.: 284/058/59
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Helpline No.: +977-1-4984248, 4984251
Email: needemploymentservices@gmail.com
Contact Person no. - Prakash 9851076834

## UAE मा रोजगार — Company : CMS PRINTING PRESS LLC

पुर्व स्वीकृती मितिः २०८१/११/१९ | चलानी नं.: ६०२३३८३५ | LT No.: 319685

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Binding & Finishing Operator | 2 | काममा दक्ष | 1600 | ६१,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Book Binder- Offset Press Workers | 2 | | 1200 | ४५,८००।- | | | | | | | |
| ३. | Hot Press Machine Operator / Machine Operator | 3 | | 2000 | ७६,४००।- | | | | | | | |
| ४. | Packers | 3 | | 1000 | ३८,२००।- | | | | | | | |
| ५. | Paper Cut Machine Operator | 2 | | 1500 | ५७,३००।- | | | | | | | |
| ६. | Printer | 3 | | 1800 | ६८,८००।- | | | | | | | |
| ७. | Supervisor Worker | 2 | | 3000 | १,१४,६५०।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन २६ गते (10 March, 2025) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौमा हुनेछ ।

**डेष्टिनि ह्युमेन् रिसोर्स नेपाल प्रा. लि.** (DHR)
सुविधानगर, तिनकुने, काठमाडौं, फोन.: ०१-५१०४६३२, ५१०४६३४, ९८५११०५१९०, ९८०८५७०४७८, ९८१८०३३२२७, Email : info@dhrnepal.com

## युएईमा रोजगार

कम्पनीः MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१८ | चलानी नं.: ६०२३३८२२ | L.T. No.: 319662

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 120 | 0 | स. काममा दक्ष | 800 | ३०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २६ गते (10 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.** श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com


# Khaptad Chhededaha Rural Municipality
## Office of the Rural Municipal Executive
### Dogadi, Bajura
### Sudurpaschim Province, Nepal

## Invitation for Electronic Bids

**First Date of Publication: 2081/11/19**

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) with P.S.[Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KCRM/ NCB/W/06/ 2081-082 | Construction of Community Health Unit, KCRM-01, Singada, Bajura | 3,000.00 | 48,46,274.52 | 1,40,000.00 | Validity up to 120 days from the last date of bid submission | 2081/12/20 12:00 hrs | 2081/12/20 13:00 hrs |
| KCRM/ NCB/W/07/ 2081-082 | Maljhuli Dekhi Bhawani Mavi Samma Sadak Upgrading Works, KCRM-3, Bajura | | 18,60,567.93 | 55,000.00 | | | |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee** *(upload the scanned copy (PDF format) of the bank deposit Voucher.)* | **Account Name: Rajaswa (Revenue) Khata**<br>**Name of Office:** *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura*<br>**Office Code no.:** *801076906*<br>**Name of the Bank:** *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.*<br>**Office Account no.:** *06108109220023* |
| **Details for Bid Security (Cash/Bid bond) Deposit** *(Submit Bank Deposit Voucher along with a Bid.)* | **Account Name: Dharauti Khata**<br>**Name of Office:** *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura*<br>**Account no.:** *06108109220014*<br>**Name of the Bank:** *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.* |

5. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**

# Tikapur Municipality
## Office of the Municipal Executive
### Tikapur, Kailali
### Sudurpashchim Province, Nepal

## Invitation for Bid

**First Date of Publication: - 3rd Mar 2025**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Open Competitive Electronic Bidding from the eligible suppliers for the procurement of Goods given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Scope of Works | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|
| 1. | TMO/NCB/ GOODS/51/2081/082 | Supply and Delivery of Surgical Equipment to Tikapur Municipality office, Tikapur Kailali | 90,000.00 | 3,000.00 |
| 2. | TMO/SQ/ GOODS/52/2081/082 | Supply and Delivery of Medicine to Tikapur Municipality office, Tikapur Kailali | 26,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** Or **Telephone NO. :- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **2nd April 2025 for NCB Contract and 18th Mar 2025 for SQ Contract** before 12:00 hrs. through **PPMO e-GP System www.bolpatra.gov.np/ egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank : Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No. : 10703000001001000001**
   **Revenue Heading No : 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank: -
   **Name of Bank : Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali.**
   **Office Account No. : 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening for NCB Contract and Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening for SQ Contract.
7. Pre-bid meeting shall be held at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali at **13: 00 hrs. on 23th Mar 2025** for NCB contract**.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 2nd April 2025 for NCB Contract and 18th Mar 2025 for SQ Contract** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# पुनः सभापतिको उम्मेदवार बन्ने सिंहको चाहना



पूर्ण कुमार/मध्यान्ह
सुर्खेत, १८ फागुन

उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरता दिनका लागि वर्तमान सरकार अघि बढिरहेको बताएका छन् ।

आइतवार नेपाल प्रेस युनियन सुर्खेत शाखाले सुर्खेत विमानस्थलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उपप्रधानमन्त्री सिंहले जनताको चाहनाअनुसार संविधान संशोधन गर्दै दिगो र स्थायी सरकार निर्माण गर्नका लागि नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा आएको बताए ।

'दिगो सरकार चाहियो भन्ने जनचाहना अनुसार प्रमुख दुई दल मिलेर सरकार बनेको हो,' उनले भने । अघिल्लो सरकारले ल्याएको बजेट कार्यान्वयन गरिरहेकाले सोचे अनुसार काम हुन नसकेको पनि उनले स्वीकार गरे ।

नेपाली कांग्रेसका नेता समेत रहेका उपप्रधानमन्त्री सिंहले विधान र संविधानको परिधिभित्र रहेर पार्टी अधिवेशन हुने पनि स्पष्ट पारे । आफू अघिल्लो पटक पनि पार्टी सभापति उठिसकेकाले त्यो भन्दा तल आफ्ना लागि ठाउँ नभएको जिकिर उनको थियो । आउँदो अधिवेशनमा पुनः सभापतिको उम्मेदवार बन्ने चाहना समेत रहेको उनले बताए । उनले सरकारले ल्याएको अध्यादेश संसदबाट छिट्टै पारित हुने पनि जानकारी दिए । पत्रकार सम्मेलनमा सञ्चारकर्मीले सोधेको प्रश्न जवाफ दिँदै नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलका नेता जीवन बहादुर शाहीले पनि आएको खण्डमा सय प्रतिशत मात्रै नभइ हजार प्रतिशत नै सिंह सभापतिको उम्मेदवार हुने र त्यही अनुसार पार्टीभित्र लबिङ भइरहेको उल्लेख गरे ।

# गोठाटार हत्या प्रकरणका मुख्य अभियुक्त पक्राउ



काठमाडौं/मस- गोठाटार हत्या प्रकरणको मुख्य अभियुक्त पक्राउ परेका छन् । भारतीय नागरिक गुड्डु पटेललाई काठमाडौं टोखा भोर नजिकैबाट प्रहरीले गोली चलाएर आइतबार नियन्त्रणमा लिएको हो ।

२०७९ असोज ३ गते गोठाटारमा भारतीय नागरिक पटेलको समूहले गोली प्रहार गरी लाल मोहम्मदको हत्या गरेको थियो । सोही घटनाको अनुसन्धानमा खटिएको उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले गोली चलाएर नियन्त्रणमा लिइएको जनाएको छ । पटेलको खुट्टामा दुई राउन्ड गोली लागेको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । उनलाई टोखाको चन्डेश्वरी अस्पतालमा सामान्य उपचारपछि त्रिवि शिक्षण अस्पताल लगिएको छ ।


19 Years of Excellence

CONGRATULATIONS !

NLG INSURANCE COMPANY LIMITED

यस कम्पनीले सफलतापूर्वक आफ्नो कार्यकालको १९औं वर्ष पुरागरि २०औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हामी सम्पूर्ण ईन्स्योरेन्स परिवार प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

C-Mech Consultancy Pvt. Ltd. (Delivering Trust to Insurance Sector since 2058) 01-4541180, 9851122588 www.cmech.com.np

Lalit K.C. Insurance Surveyor, Badikhel, Godawari Municipality, Ward No: 4, Lalitpur, Tel: 5226118, Mobile: 9851050383, E-mail: kclt31@yahoo.com, badikhel@yahoo.com

ROBIN ENGINEERING PVT. LTD. ER. SANJAY K. YADAV, MAITIDEVI, KATHMANDU, MOB: 9851110750

Er. Dekh B. Pandit, H P Surveyor, Gawrkho, Lalitpur

Aditi Engineering Pvt. Ltd. Er. Rakesh Jha, Insurance Surveyor, Loss Assessor, Valuator, Battisputali, Kathmandu, Mob: 9841499761

Er. Shakti K. Yadav, Insurance Surveyor, Kupodole, Lalitpur, M: 9851045415

ER. PRABESH POUDEL, GEMS ENGINEERING PVT. LTD., BATTISPUTALI, KATHMANDU, TEL: 9851106621

Er. Ankur Dhungana, Insurance Surveyor, Loss Assessor, Valuators & Investigators, Sukedhara-9, Kathmandu, Tel: 9851135658

ER. SUMAN AMATYA, INSURANCE SURVEYOR, VALUATORS, LOSS ASSESSOR, INVESTIGATORS, KUPONDOLE, LALITPUR, TEL: 5541425, MOB: 9851086115


# १ सय ६० जना विद्यार्थीलाई साइकल वितरण



महमद सदाब/मध्यान्ह
वीरगन्ज, १८ फागुन

चाइना फाउण्डेशन फर रुरल डेभलपमेन्ट(सीएफआरडी) को सहयोगमा अन्तर्राष्ट्रिय साइकल परियोजना अन्तर्गत बारा विश्रामपुर गाउँपालिका वडा नं ३ मुसहरवा टोलका विद्यार्थीलाई साइकल वितरण गरिएको छ ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थी र बलिरामपुरको श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थी गरी १ सय ६० जना विद्यार्थीहरुलाई साइकल वितरण गरिएको हो । मधेश प्रदेशका ९ सामुदायिक विद्यालयका १ हजार विद्यार्थीलाई साइकल वितरण गर्ने उद्देश्यले संचालन गरिएको कार्यक्रममा आइतवार १ सय ६० जना विद्यार्थीहरुलाई साइकल वितरण गरिएको हो ।

साइकल वितरण कार्यक्रमले ग्रामीण क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच पुग्ने अपेक्षा राखिएको छ । साइकल वितरण कार्यक्रममा वडाध्यक्ष किशोरी साह, पूर्ववडाध्यक्ष मदन प्रसाद यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पतिलाल साह, चाइना फाउण्डेशन फर रुरल डेभलपमेन्टका कबित नेपाल, कृतिसा श्रेष्ठ, पिंकी श्रेष्ठ, बारा निवासी डा.धनन्जय यादव, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बलिरामपुरका प्रधानाध्यापक आनन्द कुमार गुप्ता लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी वडा नं ३ मा रहेको श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मुसहरवामा आयोजित कार्यक्रममा वडा नं ३ का वडाध्यक्ष शिवचन्द्र प्रसाद यादव, प्रधानाध्यापक जुगुल किशोर साह लगायतको उपस्थिति रहेको थियो ।

## कतारमा रोजगार

कम्पनी: ALALAM AL JADEED COMPANY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/११/१५ — चलानी नं.: ६०२३३८२५ — L.T. No.: 319418

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1300 | ४८९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Correspondent | 4 | 0 | | 1900 | ७१५९२ | | | | | | | |
| 3. | Dry Clean Worker | 5 | 0 | | 1100 | ४१४४८ | | | | | | | |
| 4. | Labourer (Male) | 7 | 0 | | 1000 | ३७६८० | | | | | | | |
| 5. | Purchase Rep. | 2 | 0 | | 2200 | ८२८९६ | | | | | | | |
| 6. | Receptionist (Female) | 0 | 3 | | 1100 | ४१४४८ | | | | | | | |
| 7. | Sales Representative | 2 | 0 | | 2200 | ८२८९६ | | | | | | | |
| 8. | Salesman | 4 | 0 | | 1300 | ४८९८४ | | | | | | | |
| 9. | Salesman Ready Made Clothes | 5 | 0 | | 1300 | ४८९८४ | | | | | | | |
| 10. | Store Keepers | 9 | 0 | | 1900 | ७१५९२ | | | | | | | |
| 11. | Supervisor | 0 | 3 | | 3000 | ११३०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २६ गते (10 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

